टेलिफोनमार्फत कुराकानी गर्दै सुनकोशी गाउँपालिकाका अध्यक्ष रुद्र अधिकारीले भन्नुभयो, 'यो अभियान उदाहरणीय छ। केही मान्छेको अगाडि भाषण गर्दा गरिने कुराको प्रभाव र रेडियोमा एक जनाले बोलेर गरिने कुराको प्रभाव ज्यादै नै भिन्न हुने रहेछ। हजारौँहजार स्रोताहरुले एकै चोटी सुन्न पाउने भएकाले आमसञ्चार माध्यमबाट जाने कुराले धेरै नै फरकपर्ने रहेछ। एकैपटकमा देशभर तीन सय रेडियोबाट तीनसय नै किशोरीहरुले गरेको कार्यक्रमले समाजभर कति ठूलो परिवर्तनको सुरुवात गरेको छ, म भन्न सकिरहेको छैन।' अधिकारीले भन्नुभयो।

ओखलढुङ्गाका नियमित रेडियो स्रोताको प्रतिक्रिया थियो, टेकओभर कार्यक्रम निकै नै सकारात्मक छ। किशोर किशोरीहरुको समस्यालाई सम्बोधन गर्ने खालको कुनै पनि कार्यक्रम र अभियानहरु मैले सुन्न पाएको थिएन तर यो वर्ष सामुदायिक रेडियोहरुले किशोरीहरुको आवाजलाई उनीहरुको नेत्तृत्वमा अगाडि ल्याउने प्रयास गरेर नयाँ सुरुवात गरेको छ। यो निकै नै समय सान्दर्भिक छ। जिल्लास्तरीय आमा समूह सञ्जाल ओखलढुङ्गाकी अध्यक्ष कान्ति राजभण्डारीले बालिका दिवसमा प्रभावकारी रुपमा यो कार्यक्रम सुरुवात गरिएको भन्दै अब यसलाई निरन्तरता दिनुपर्ने सुझाव दिनुभयो।

■■■




## एउटै कार्यक्रमले अगाडिको बाटो खोलिदियो

**कन्चन पोखरेल**
**रेडियो तेह्रथुम, तेह्रथुम**

कहिल्यै पनि रेडियोमा नगुन्जेको कन्चनको आवाज, अब सँधैका लागि गुन्जिने भयो । कारण उहाँले अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा सञ्चालन गरेको बहस कार्यक्रम निकै नै प्रभावकारी भयो, जसले गर्दा कन्चनले रेडियो तेह्रथुममा सँधैका लागि कार्यक्रम गर्ने अवसर पाउनुभयो। रेडियोमा कार्यक्रम गर्ने अवसर पाएपछि कन्चन खुसी हुँदै यसो भन्नुहुन्छ, 'मैले सपनामा पनि सोचेको थिएन कि कुनै दिन यसरी रेडियोमा कार्यक्रम गर्ने अवसर पाउँछु । सानैदेखि रेडियोमा बोल्ने रहर भने खुबै थियो । तर अवसर पाएको थिएन, जब अवसर पाएँ, त्यो सँधैका लागि भइदियो । यो भन्दा खुसी अरु के हुन सक्छ ?

कन्चनले रेडियो कार्यक्रम नै सञ्चालन गर्ने अवसर कसरी पाउनुभयो ? रेडियोका स्टेशन म्यानेजर महेन्द्र काफ्लेले भन्नुभयो, टेकओभर कार्यक्रमका लागि कन्चनलाई अभिमुखिकरण गराउँदादेखि नै उहाँको आवाज र प्रस्तुत हुने शैली एकदमै आकर्षक र नयाँ लाग्यो । अनि यी किशोरीलाई छोड्न हुँदैन भनेर रेडियोसँग आवद्ध गरायौं । उहाँ किशोरी उमेरमै हाम्रो रेडियो परिवारको सक्रिय सदस्य हुनुभएको छ ।

■■■

## रेडियो कार्यक्रमबाटै समाज सेवा

**अनिसा रूचाल**
**रेडियो मकालु**

धनकुटाकी अनिसा रुचाल सानै उमेरदेखि समाजसेवा गर्न रुचि राख्नुहुन्थ्यो । बाल क्लबमा पनि अध्यक्षको भूमिका उहाँले निर्वाह गरिरहनुभएको छ । समाजमा हुने जुनसुकै कार्यक्रममा सहभागी भएर होला, अनिसा सबैमाझ बिनाहिचकिचाहट आफ्ना कुरा राख्नुहुन्छ। अन्तराष्ट्रिय किशोरी दिवसको अवसरमा अनिसाले रेडियो पत्रकारको भूमिका निर्वाह गर्नुभयो । रेडियो मकालुको कार्यक्रम 'आजको चासो' मा किशोरीका विषयमा बहस गर्दा पनि उहाँलाई समाजसेवा गरेको महसुस भएको बताउनुभयो। 'रेडियोमा बहस गर्नु भने मेरो नयाँ अनुभव हो । किशोरीका समस्याहरु सरोकारवाला निकाय समक्ष राखेर त्यसको समाधान गर्न उहाँहरुलाई घचघच्याउन पाउँदा धेरै समयदेखि मनमा जमेको भारी बिसाउन पाए जस्तो लाग्यो ।' उहाँले भन्नुभयो । 'मलाई किशोरीहरुबारे सोध्नुहुन्छ भने, मेरो बिचारमा किशोरीहरुले आफ्ना समस्या अरुसँग खुलेर अँझै भन्न सकेका छैनन् । त्यसैले नियमित रुपमा अब छिट्टै नै किशोरीहरुका समस्या समाधानका लागि रेडियो कार्यक्रम गर्ने विचार ममा आएको छ । यसको तयारीमा म लागेकी छु । किशोरीका समस्या समाधान गर्न सम्बन्धित निकाय समक्ष राखेर म उहाँहरुलाई थप जिम्मेवार बनाउन प्रयत्न गर्नेछु र कसरी रेडियो मार्फत समाजसेवा ? भन्ने हरुलाई यसरी गर्न सकिन्छ भनेर देखाउनेछु ।'




■■■




# आमाले पत्याउदै पत्याउनु भएन

**मीरा तामाङ**
**रेडियो विजयबस्ती, पर्सा**

सानैमा बुवाको निधन भएकोले आमाको एकल सहारामा हुर्केकी किशोरी मीरा तामाङले 'रेडियोमा कार्यक्रम चलाउन म छानिएँ । भनेर आमालाई भन्न जाँदा उहाँले पत्याउदै पत्याउनु भएन । त्यसपछि रेडियोमा छोरी बोल्न जाँदा के हुने हो भनेर 'पर्दैन जान' पनि भन्नुभयो । 'अझैसम्म पनि ग्रामीण क्षेत्रमा छोरीलाई रेडियोमा पठाउँदा उसले बोल्ने भन्दा पनि उसबारे अरुले के बोल्लान् भन्ने डर र चिन्ता आमामा उत्पन्न हुनु अनौठो पनि होइन । तर पनि मैले आमालाई सहमत गराएँ अनि मात्र उहाँले मलाई रेडियोमा कार्यक्रम चलाउन स्वीकृति दिनुभयो ।' मीराले भन्नुभयो, 'आफुलाई रेडियोमा बोल्न सानैदेखि रहर लागेको थियो । एउटा किशोरी भएर किशोरीकै विषयमा कार्यक्रम चलाउन पाउँदा खुसीको सीमा रहेन ।' उहाँ भन्नुहुन्छ, 'सानैदेखी रेडियो बज्नेबित्तिकै आफूलाई पनि बोल्न मन लाग्थ्यो । आज अकोराब, प्लान इन्टरनेशनल नेपाल र रेडियो विजयबस्तीले मेरो सपना साकार बनाएको छ । मेरो आमा भन्नुहुन्छ, मेरो बुबालाई रेडियोमा बोल्ने मान्छे खुब मनपर्थ्यो रे ! मलाई त मेरो दिवङ्गत बुवाको सपना पो साकार भएजस्तो लागिरहेको छ । त्यसैले होला, कार्यक्रम सञ्चालन गरिरहदाँ बुवा मसँगै बसेर मलाई हौसला दिइरहेझैं लागिरह्यो ।'

मीराले रेडियोमा बोलेको सुनेपछि उहाँको परिवारमा सकारात्मक सोचको विकास गराएको छ । मीराको आमाले भन्नुभयो, 'कहिले घरबाहिर नहिडेंकी छोरीलाई कहाँ एक्लै पठाउनुजस्तो लागेको थियो । तर उसले बोलेको सुनेपछि लागेको छ, मेरो सोच कति गलत रहेछ । छोरीले रेडियोमा निर्धक्क बोलिरहेको सुन्दा श्रीमान्, छोरी र म पनि सँगै भएजस्तो लागि रह्यो । उहाँ पनि अहिले जिउदै हुनुभएको भए कति खुसी हुनुहुन्थ्यो होला ! उहाँले मीराका किशोरी साथीहरुलाई कति हौसला बढाउनु हुन्थ्यो होला ?' बिजयवस्ती रेडियो सञ्चालक समितिका अध्यक्ष सन्तोष श्रेष्ठले मीराको प्रस्तुतिपछि भन्नुभयो, 'उनको प्रस्तुति गर्ने शैली र बोलीको तागत देखेर हामीले मीरा तामाङलाई चाडैं नै रेडियोमा थप कार्यक्रम चलाउन दिने निर्णय गरेका छौं ।'

■■■




# हामीले नगरे कसले गर्छ र ?

**अनिता पाठक**
**रेडियो ताप्लेजुङ, ताप्लेजुङ**

ताप्लेजुङको सिदिङ्वा गाउँपालिकास्थित भन्ज्याङ माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत अनिताको दैनिकी र चिनारी रेडियो कार्यक्रम टेकओभर सञ्चालन गरेपछि फेरिएको छ । कार्यक्रम चलाएर गाउँमा पुग्नुभएकी अनितालाई विद्यालयले सम्मान दिएपछि स्कुलमा उहाँको प्रतिष्ठा ह्वात्तै बढेको छ । यसले आफूलाई बालबालिकाको क्षेत्रमा अझै काम गर्ने प्रेरणा र हौसला मिलेको मात्र होइन, जिम्मेवारी पनि बढेको अनीताले बताउनुभयो ।

जिल्लास्तरीय बाल सन्जालकी अध्यक्ष समेत रहनुभएकी अनिता अहिले दैनिकजसो जिल्लाका विभिन्न क्षेत्रमा रहेका सन्जालका सदस्यहरुसँग सम्पर्कमा बसिरहनु हुन्छ । कुन ठाउँमा बालबालिकालाई के समस्या परिरहेको छ, बुझ्ने प्रयास गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मलाई सामाजिक क्षेत्रका काममा सक्रिय हुन मेरो परिवारबाट सहयोग मिलेकोले नै म यहाँसम्म पुगेकी हुँ । त्यसैले मैले रेडियोमा बोल्ने अवसर पाएपछि यही कुरा जिल्लाभरिका अथवा यो रेडियो जहाँसम्म सुनिन्छ, त्यहाँसम्मका किशोर, किशोरी र बालबालिकाहरुलाई बालमैत्री नीति के हो र यसलाई कार्यान्वयन गर्न हामी आफै लाग्नुपर्ने कुरा बताउने गरिरहेकी छु ।' सानै उमेरमा छोरीको सक्रियता र प्रगति देखेर अनिताको परिवारमा पनि खुसी छाएको छ। रेडियोमा पहिलो पटक बहिनीले ठूला मान्छेहरुसँग अन्तरवार्ता गरेको सुनेर आफूलाई धेरै खुसी लागेको दिदी सुशीलाले बताउनुभयो। अनिता पनि ठूलो भएर सामाजिक क्षेत्रमै केही गरेर देखाउने योजना बुनिरहेकी उहाँ बताउनुहुन्छ । उहाँले आत्मियताकासाथ भन्नुभयो, 'हेर्नुहोस् न हाम्रा गाउँघरमा छोरालाई भन्दा छोरीलाई हेर्ने दृष्टिकोण नै फरक छ। यसलाई समान बनाउनको लागि मैले आँट र परिश्रम दुवै गरेको छु। म र मेरो उमेरका किशोरकिशोरीहरुलाई पनि हातेमालो गरेर अगाडि बढ्न आग्रह गर्दै भन्छु, तपाई हामीले नै आफ्नो बारेमा नगरे अरु कसले गरिदिन्छ ?'

> *हाम्रा गाउँघरमा छोरालाई भन्दा छोरीलाई हेर्ने दृष्टिकोण नै फरक छ। यसलाई समान बनाउनको लागि मैले आँट र परिश्रम दुवै गरेको छु*

■■■




## दुई किशोरी रेडियोकर्मी बने

**रक्षा घिमिरे**
**रेडियो सङ्खुवासभा, सङ्खुवासभा**

रक्षा घिमिरेले २०७४ असोज २५ गते रेडियो सङ्खुवासभामा पत्रकारको भूमिका निर्वाह गर्नुभयो । उहाँको प्रस्तुतीले सबैको मन छोयो भने अरु किशोरीहरुको आत्मबल पनि अचम्मैसँग बढाएको छ । कार्यक्रम प्रसारण भएको भोलिपल्टै सङ्खुवासभाकै दुई किशोरीहरु रेडियोमा कार्यक्रम गर्ने चाहना राख्दै आए । पाँचखपन्नकी कविता कोइराला र खाँदबारीकी सङ्गीता घिमिरेको चाहनालाई मध्यनजरगर्दै रेडियोमा तालिम दिइएको थियो । रेडियोका कार्यक्रम संयोजक जयन्त शाक्य भन्नुहुन्छ, 'दुवैजनाको प्रस्तुती राम्रै लागेर उनीहरुको आवाजमा कार्यक्रम र समाचार पनि प्रसारण गर्न थालिएको छ ।' शाक्यको बिचारमा टेकओभर कार्यक्रममा रक्षाको प्रस्तुती दमदार थियो । उहाँले निर्धक्क भएर कार्यक्रम गर्नुभयो र रेडियोले अरु कार्यक्रम गर्ने अवसर पनि दिएको थियो तर पढाइले गर्दा रहर हुदाँहुदैं पनि उहाँले कार्यक्रम सञ्चालन गर्न पाउनु भएन । 'यो कार्यक्रमले स्थानीय किशोरीहरुलाई नै सशक्त बनाउन सकिने रहेछ भन्ने विश्वास जगाएको छ । किशोरीहरुमा ए, हामी पनि रेडियो कार्यक्रम सञ्चालन गर्न सक्ने रहेछौं भन्ने विश्वास बढाएको छ ।' शाक्यले भन्नुभयो ।

■■■

## फरक क्षमता भएका किशोरीको सोचमै परिवर्तन

**शर्मिला योन्जन**
**रेडियो सुमहाल्लुङ, पाँचथर**

फरक क्षमता भएका नागरिकहरुले पनि समाजका लागि केही गरेर देखाउन सक्छन् । आफ्नो जीवन नै बोझ ठान्ने उनीहरुको स्वभाव पाइन्छ । पाँचथरको रेडियो सुम्हाल्लुङमा १८ वर्षीय किशोरी शर्मिलाले गरेको बहसमूलक कार्यक्रम सुनेपछि फरक क्षमता भएका नागरिकको सोचमा नै परिवर्तन आएको छ । शर्मिलाको कार्यक्रम सुनेर फरक क्षमता भएका किशोरीहरुलाई आफू पनि कार्यक्रम गर्न सक्ने आत्मविश्वास जागेको छ ।

एक किशोरीले भनिन्, 'उक्त कार्यक्रम सुन्नु भन्दा पहिले आफ्नो जीवन व्यर्थ भएको ठान्दथें । अनि आफ्ना समस्याहरुलाई आफूभित्रै लुकाएर राख्ने गथैं । तर अहिले शर्मिलाको प्रस्तुति सुनेपछि ए त्यति त म पनि गर्न सक्छु भन्ने आत्मविश्वास जागेको छ । उनको कुरा शान्त भएर छेउमै सुनिरहेकी थिइन्, अर्की किशोरी जो आँखा देख्दिनथिन् । उनले दृढतापूर्वक भनिन्, 'मैले निर्धक्क भएर आफूले भोग्नु परेका समस्याहरु समाज अगाडि किन नराख्ने ? के ममा क्षमता छैन र ? शर्मिलाको कार्यक्रम प्रस्तुतिकरण सुनिसकेपछि ममा पनि स्वचेतना जागरण भएको छ । अब भोलिका दिनमा आफूहरु विभिन्न कार्यक्रममा सहभागी भएर आफू र आफूजस्तै भिन्न प्रकारले सवल भएकाहरुको बारेमा म पनि कुरा राख्छु । रेडियोको एउटै कार्यक्रमले यति व्यापक प्रभाव पार्ला भन्ने मैले सोचेको पनि थिएन । तर मेरो जीवनमा मैले मेरा भौतिक आँखाबाट अन्धकार बाहेक नदेखे पनि मेरो भित्री आँखा भने शर्मिलाको कार्यक्रममा सहभागी हुँदा खुल्यो ।'




■■■




## टेकओभरपछि रेडियो कार्यक्रम र लेखा सम्हाल्दै

**डोल्मा राई**
**सोलु एफएम, सोलुखुम्बु**

पहिलो दिन सोलु एफएममा कार्यक्रम गर्न रेडियो पुग्दा हच्किएकी डोल्मा अहिलेभने एकदमै रमाउनु हुन्छ । सधैं रमाउनुको कारण हो, उहाँले त्यो टेकओभर कार्यक्रम गरेपछि रेडियोमा नियमित कार्यक्रम सञ्चालन गर्ने अवसर पाउनुभएको छ। उहाँले रेडियोमा कार्यक्रम गर्ने मात्र होइन, रेडियोको लेखा शाखामा काम गर्ने अवसर पनि पाउनु भएको छ । यो उहाँको मेहनत, लगन, परिश्रम र जिम्मा लिएको काम इमान्दारितापूर्वक पूरा गरेरै छाड्ने प्रतिवद्धताको कारण मात्र सम्भव भएको हो । उहाँको कामबाट सहकर्मीहरु पनि खुसी छन् । हिजोआज डोल्माको दैनिकीमा पहिलेको तुलनामा निकै नै परिवर्तन आएको छ । बिहानको पढाइ सकेर उहाँ रेडियो पुग्नुहुन्छ । निकै ब्यस्त देखिनुहुन्छ भन्दा मुसुक्क हाँस्दै डोल्मा भन्नुहुन्छ, 'जीवनमा पहिलोपल्ट काम गर्न पाएको त्यो पनि रेडियोमा, मलाई अहिले पनि मेरो क्षमता प्रयोग गर्न पाउँछु भन्नेमा विश्वास लागिरहेको छैन । त्यसैले खुसीकासाथ म यी सबै काम गरिरहेको छु । मैले रेडियो सञ्चालनका धेरै प्राविधिक कुराहरु सिक्न नै बाँकी छ । अनि यस्तो बेला अल्छी मान्यो भने त केही सिकिदैन ।' उहाँले अगाडि जोड दिनुभयो, 'यहाँ आएपछि थाहा पाएँ, यहाँ लेखाको काम गर्ने कर्मचारीको पनि आवश्यकता रहेछ। यो थाहा पाएपछि मैले म गर्छु भनें । रेडियोमा बोल्ने मात्र होइन, म लेखाको काम पनि सिकिरहेकी छु। यसअर्थमा म एकदमै व्यस्त भएकी छु।'

> *जीवनमा पहिलोपल्ट काम गर्न पाएको त्यो पनि रेडियोमा, मलाई अहिले पनि मेरो क्षमता प्रयोग गर्न पाउँछु भन्नेमा विश्वास लागिरहेको छैन । त्यसैले खुसीकासाथ म यी सबै काम गरिरहेको छु*

किशोरी डोल्मालाई कार्यक्रम र लेखाको जिम्मेवारी दिनुको कारण बताउँदै रेडियोका कार्यक्रम संयोजक नुतन श्रेष्ठले भन्नुभयो, 'रेडियोमा उहाँको पहिलो प्रस्तुति देखेर नियमित कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गर्‍यौं । उहाँको लगनशीलता देखेर रेडियोमा खाली रहेको लेखा पदमा काम गराउने हो कि भनेर छलफल गर्दा उहाँ राजी हुनुभयो । उहाँलाई त्यो पदका लागि योग्य पनि पायौं ।'

■■■




# टेकओभरपछि छिट्टै सफल रेडियोकर्मी

**सबिना परियार**
**रेडियो रुपाकोट, खोटाङ**

रेडियो रुपाकोट खोटाङ जिल्लाको एक मात्र सामुदायिक रेडियो हो । जहाँ सबिना परियारले रेडियो कार्यक्रम 'विशेष कुराकानी' लाई टेकओभर गर्नुभएको थियो । कार्यक्रम निकै प्रभावकारी भएको प्रतिक्रिया पाएपछि व्यवस्थापनले यो कार्यक्रमलाई निरन्तरता दिने योजना बनाएको छ ।

स्टेशन म्यानेजर सूर्य तामाङ भन्नुहुन्छ, 'सबिना रेडियोप्रेमी भएकाले उहाँले रेडियोलाई राम्रोसँग बुझ्नु भएको छ। बहस कार्यक्रममा रुचि राख्ने भएकाले पनि उहाँको बहस दमदार देखिन्थ्यो । उहाँको प्रस्तुती पनि राम्रो भएकाले हामीले रेडियोकर्मी बनाउने निर्णय लिएका छौँ ।' पहिलो पटक रेडियोमा बहस कार्यक्रम गर्दा नै सबैबाट प्रशंसा पाउनुभएकी सबिनालाई यस्तो कार्यक्रमलाई निरन्तरता दिन छरछिमेकले प्रोत्साहन समेत गरेका छन् । रेडियोले फेरि पनि कार्यक्रम गर्ने अवसर दिदाँ उहाँ निकै खुसी हुनुहुन्छ । आफ्नो खुसी व्यक्तगर्दै उहाँले भन्नुभयो, 'पहिलो पटक नै बालिका दिवसको अवसरमा आयोजित कार्यक्रममा आफू छनौट हुँदा मेरो खुसीको सीमा छैन ।' 'मैले गरेको केही होइन, रेडियोका सरहरुले सिकाए अनुसार ढुक्क बनेर कार्यक्रम गरेँ । विषयवस्तु मैले आफू र आफूजस्तै साथहरुले भोगीरहेका समस्याबारे उठाएकोले पनि बनावटी होइन, वास्तविकता झल्किएको हुनुपर्छ ।' सबिना भन्नुहुन्छ, 'कार्यक्रम राम्रो भयो भनेर सबैतिरबाट प्रतिक्रिया पाउँदा गर्व महशुस भएको छ, ए म पनि कार्यक्रम सञ्चालन गर्न सक्ने रहेछु । फेरि रेडियोले नियमित कार्यक्रमको लागि अवसर दिएको सुनेर म धेरै खुशी भएकी छु ।'

शिक्षा सङ्कायमा कक्षा ११ मा पढ्दै गर्नुभएकी प्रतिभाशाली सबिनालाई साथीहरुबाट पनि सुझावसहितका प्रतिक्रिया आए । साथीहरुको भनाइ सुनाउदै सबिनाले भन्नुभयो, 'हेर सबिना, कहिल्यै रेडियोमा कार्यक्रम नगरे पनि तेरो बोलीमा बनावटी पन र डराएजस्तो लागेन । विषयवस्तुमा भने अझै खोतल्नु पर्छ । तैले अभ्यास र तयारी गरिस् भने तैंले सञ्चालन गरेको कार्यक्रम 'एक नम्बरको' हुन्छ ! अनि तँ साँच्चिकै रेडियोकर्मी बन्छेस् ।'

■■■




## पहिलो पटक घरमा खुसी

rfbgl cg;/l
रेडियो सरगम, झापा

१४ वर्षीय चाँदनी अनसारीको घरमा खुसी छाएको पहिलो दिन असोज २५ गते २०७४ । यही दिन चाँदनीले रेडियो सरगममा कार्यक्रम सञ्चालन गर्नु भएको थियो । छोरीले पहिलो पटक रेडियोमा कार्यक्रम चलाएको सुन्दासुन्दै चाँदनीका बुवाका आखाँ आँसुले भरिए । त्यो दु:खको आँसु नभएर खुसीको थियो । छोरीसँग यस्तो प्रतिभा पनि छ, भन्ने कुरा चाँदनीका बुवालाई पहिले थाहा थिएन । छोरीको प्रस्तुती सुनेर उहाँको परिवार, छरछिमेक, विद्यालय परिवारमा अचम्मसँगै खुसी छायो ।

छोरीले रेडियोमा कार्यक्रम सञ्चालन गरेपछि अब छोरीले आफ्ना समस्या आफैं अगाडि बढाएर हामी बाबुआमाले भोगेका समस्या पनि समाधान हुने आशा बुवामा जागेको छ। चाँदनीको परिवारमा लामो समयदेखि एउटै समस्याले सताइरहेको छ, चाँदनीका बुबाले भन्नुभयो, 'म भारतबाट नेपाल आएको २७ वर्ष भयो । मेरो श्रीमती नेपाली नागरिक हुन् । उनीसँग नेपाली नागरिकताको परिचयपत्र छ । मेरा दुई छोराछोरी नेपालमै जन्मे, हुर्के तर उनीहरुलाई नेपाली हो भनेर प्रमाणित गर्न नसकेकोमा मलाई साह्रै नरमाइलो लाग्छ । धेरै ठाउँमा धाएँ तर कहीं कतैबाट पनि सहयोग मिलेन ।'

चाँदनीकी आमाले टेलिफोनमा रुदैं भन्नुभयो, 'म नेपालकी छोरी भएर पनि मेरा छोराछोरीलाई नेपाली भनेर चिनाउन पाएकी छैन । हामी दलित भनेर हेपिएका छौं । आफ्नै छोराछोरीको नागरिकता बनाउन सहयोग माग्दा कोहीले ६० हजार मागे त कोहीले ५० हजार । हामी मजदुरी गरेर दैनिकी चलाउनेले कहाँबाट ल्याएर त्यतिधेरै पैसा तिर्नु र नागरिकता किन्नु ?' चाँदनीका आमाबुबालाई छोरीले रेडियोमा कार्यक्रम चलाएपछि अब यो समस्याको समाधान निस्कने आशा पलाएको छ । अब रेडियोमा किन यही विषयमा छलफल नचलाउने ? आफ्नै देशमा अनागरिक बन्नुको पीडा चाँदनीले नै कार्यक्रम मार्फत उठाउँदा त्यसले पक्कै पनि समस्याको चुरो पहिल्याउन र समाधान गर्न सबैलाई सहयोग गर्नेछ ।

■■■

## टेकओभरपछि कार्यक्रम नै परिवर्तन भयो

अञ्जली, राधा र सुजाता
रेडियो परिवर्तन, सुनसरी

सबै सामुदायिक रेडियोमाभ्कैं, सुनसरीको रेडियो परिवर्तनमा पनि टेकओभर कार्यक्रम सञ्चालन भयो । तर अरु रेडियोमाभन्दा अलि फरक देखियो, रेडियो परिवर्तनमा । टेकओभर कार्यक्रममा सहभागी बन्न धेरै किशोरीले चाहना राखे । जुन रेडियोको लागि ठूलै चुनौती भयो ।

रेडियोले यो चुनौतिको समाधान पहिल्यायो, किशोरीहरुको क्षमता हेरेर तीन जनालाई कार्यक्रमको लागि छनौट गर्‍यो । तीनै किशोरीहरु अञ्जली चौधरी, राधिका खड्का र सुजाता राईलाई अभिमूखिकरण तालिम दिएर कार्यक्रम गर्न योग्य बनाइयो । अनि उनीहरुले असोज २५ गते रेडियो परिवर्तनको बहसमूलक कार्यक्रम 'परिवर्तन बहस' टेकओभर गरे । धेरै जनाको सहभागिताले रेडियोको कार्यक्रममा फरकपन आउने विचार राख्नुहुन्छ, स्टेशन म्यानेजर राजेन्द्र रिजाल । 'किशोरीले रेडियो कार्यक्रम सञ्चालन गरेको यो पहिलो पटक हो । त्यसमा पनि तीन किशोरीले एकैचोटी, एउटै कार्यक्रम गर्दा रेडियोमा नयाँपन पो देखियो-रिजालले भन्नुभयो- 'किशोरीहरुको प्रस्तुती राम्रो र प्रभावकारी लागेर हामीले तीनै जनालाई छानेर मौलिक कार्यक्रम सञ्चालन गर्न सफल भयौं ।'

कार्यक्रम सञ्चालन गरेपछि अञ्जली, राधिका र सुजाताले भन्नुभयो- 'हामीलाई तीनजना मध्ये एक जनाले मात्र कार्यक्रम गर्ने मौका पाइएला भन्ने लागेको थियो । तर तीनै जना कार्यक्रमका लागि छनौट हुँदा, हामी छक्कै पर्‍यौं साथै खुसी पनि भयौं । सँगै कार्यक्रम सञ्चालन गर्दा हामीले धेरै कुरा सिक्न पायौं । यो कार्यक्रम हाम्रो लागि नयाँ अनुभव भयो ।'



## किशोरीका क्षेत्रमा काम गर्ने प्रतिबद्धता

निर्मला बम
रेडियो नयाँ कर्णाली, कालिकोट

अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा रेडियो नयाँ कर्णालीको चर्चित बहसमूलक कार्यक्रम नीमर्ला बमले सञ्चालन गर्नुभयो । बहसमा उपस्थित अतिथिहरुले किशोरीको प्रस्तुति र वास्तविक समस्याहरुबारे थाहा पाएपछि किशोरी उमेरका बालिकाको क्षेत्रमा आफूहरुले काम गर्ने र किशोरीका मुद्दालाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमका अतिथि कालिका गाउँपालिका प्रमुख खडानन्द चौलागाईले जिल्लामा बाल र युवा क्लब गठन भए पनि अहिलेसम्म किशोरी क्लब गठन नभएको बताउँदै उहाँले भन्नुभयो, 'किशोरीहरुले आफ्ना समस्या खुलेर भन्न नसक्ने भएकाले जिल्लामा किशोरी क्लबको अत्यन्त आवश्यकता मैले देखेँ । त्यसकारण चाँडै नै जिल्लाका सबै विद्यालयहरुमा किशोरी क्लब गठन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

अर्का अतिथि सेभ द चिल्ड्रेनका जिल्ला संयोजक विजय विश्वकर्माले जिल्लामा अहिले पनि बालविवाहले जरा गाडेर बसेकोतर्फ सबैको ध्यान आकृष्ट गर्नुभयो । बालविवाहको असरका बारेमा किशोरकिशोरी कसैलाई यथार्थ ज्ञान नभएको विचार उहाँले राख्नुभयो । 'म प्रतिवद्धता व्यक्त गर्दै भन्छु, अब मेरो सबैभन्दा पहिलो काम बालविवाह अन्त्य गर्नु हो । त्यसका लागि किशोरी शिक्षाको व्यवस्था गर्नुको साथै जनचतेना जगाउन हामी सबै लागि पर्नुपर्छ।' महिला अधिकारकर्मी कृष्णकला पाण्डेले कालिकोटमा किशोरीहरुको अवस्था दयनीय रहेको बताउनुभयो । किशोरीहरुले छाउपडी समस्या भोग्दै आएका छन् ।

यसैकारण यहाँ किशोरको तुलनामा किशोरीहरु कम विद्यालय जाने गरेका छन् । कार्यक्रममार्फत कृष्णकलाले छाउपडी समस्या अन्त्य गर्न आफू लागि पर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । तर के साँच्चै नै उपस्थित अतिथिहरुले किशोरी कार्यक्रममा व्यक्त गरेको प्रतिबद्धता यथार्थमा परिणत होला त ? थाहा पाउन केही समय कुर्नेपर्ने भयो ।

■■■

## बालबालिकाको हक, अधिकार संरक्षणका विषयमा बहस गर्दै

रेडियो : आफ्नो एफएम,ओखलदुङ्गा

किशोरी : मनिषा निरौला




## बालमैत्री सुशासनको आवश्यकता रहेको बताउँदै भोजपुरका प्रहरी प्रमुख दीपेन्द्र पञ्जियार

चोमोलोङ्मा एफएम, भोजपुर

किशोरी : स्मृति राई




## बालविवाहले किशोरीको स्वास्थ्यमा पारेको असरका बारेमा छलफल गर्दै

नागरिक एफएम, झापा

किशोरी :कुसुम राना



## बालिकाहरूको हकमा बनेका ऐन, कानुन कार्यान्वयनमा हुनुपर्छ

नारायणी एफएम, पर्सा
किशोरी : सिमरन थापा




## कार्यक्रमका अतिथि किशोरी सुरक्षाका बारेमा धारणा राख्दै

रेडियो धनकुटा, धनकुटा
किशोरी : कीर्शिता राई




## बालश्रममुक्त जिल्ला बनाउने प्रतिबद्धता व्यक्त गर्दै सिद्धीचरण नगरपालिका ११ का पदाधिकारी

सहयात्री रेडियो, ओखलदुङ्गा
किशोरी : शान्ति श्रेष्ठ



# आमा रेडियो सुन्दासुन्दै रुनुभयो

**सुस्मिता श्रेष्ठ**
**रेडियो सिमरा, बारा**




सँधै बहसमुलक कार्यक्रम पाका र अनुभवी सञ्चारकर्मीले मात्र चलाउने गरेको सुनेका स्रोताहरु त्यो दिन १८ वर्षकी किशोरी सुस्मिता श्रेष्ठको आवाज गुन्जिएपछि दङ्ग परे र पुरै कार्यक्रम सुने । कार्यक्रममा तीन जना अतिथिसँग सुस्मिताले किशोरीका सवाल आफै राख्नु भएको थियो । कार्यक्रममा महिला तथा बालबालिका कार्यालय बाराका प्रमुख अन्जु ढुङ्गाना, मानव अधिकारकर्मी बिदुर खड्का र अधिवक्ता दामोदर पौडेलको सहभागिता थियो ।

रेडियोमा छोरी बोल्न गएको थाहा पाउनेबित्तिकै खुसी हुनुभएकी सुस्मिताकी आमा रेडियो सुन्दासुन्दै आफै रुनुभयो। छोरीको नाम रेडियोबाटै बजेको मात्र होइन छोरीले नै आफ्ना समस्याका बारेमा सरोकारवाला निकायका प्रतिनिधिसँग प्रश्न गर्दा आमाका आँखाबाट खुसीको आँसु थामिन सकेन । 'छोरीले यसरी बोल्न सक्छे जस्तो लागेको थिएन, ठूला मान्छेले जसरी मेरी छोरीले पनि निर्धक्क प्रश्न गरेको रेडियोबाटै सुन्दा खुसीले मन थाम्नै सकिन ।' सुस्मिताकी आमा अनिताले भन्नुभयो, ' अवसर दिएकोमा रेडियोलाई धेरै धन्यबाद ।'

बहसमा बिशेषगरी किशोरीले बिद्यालयमा भोग्नु परेका समस्या र समुदायमा किशोर र किशोरीलाई हेर्ने दृष्टिकोण कहिले समान हुनसक्छ भनेर प्रश्न गर्दा कार्यक्रममा सहभागी अतिथि नै अचम्ममा परेका थिए । कार्यक्रमबाट बाहिरिदै गर्दा महिला तथा बालबालिका कार्यालयका प्रमुख  ढुङ्गानाले जीवनमा पहिलो पटक ठूला र गहन विषयमा किशोरीको प्रश्नको जवाफ दिनु परेको बताउनुभयो । कार्यक्रम सुन्नेहरुले सुस्मिताको प्रशंसा मात्र होइन, वाक शक्तिको मुक्त कण्ठले सराहना गरेका थिए । मानवअधिकारकर्मी बिदुर खडकाले यति सानी नानीले यसरी बहसमा आउनु सानो कुरा नभएको बताउनुभयो । उहाँले यसरी नै भोलिका दिनमा पनि किशोरीले आफ्ना सवाल आफै राख्ने हो भने यो एउटा विश्वव्यापी सवालका रुपमा विकास हुनेछ भन्नुभयो ।

> *"छोरीको नाम रेडियोबाटै बजेको मात्र होइन छोरीले नै आफ्ना समस्याका बारेमा सरोकारवाला निकायका प्रतिनिधिसँग प्रश्न गर्दा आमाका आँखाबाट खुसीको आँसु थामिन सकेन*

सुस्मिताले सञ्चालन गरेको टेकओभर कार्यक्रम सुनेर कलेजका प्राध्यापक र साथीहरुले समेत खुसी व्यक्त गरे । सबैतिरको प्रतिक्रिया पाएपछि सुस्मितामा रेडियोप्रतिको लगाव बढेको छ । सुस्मिताको इच्छाको कदरगर्दै रेडियो सिमराले छिट्टै नै किशोरी सम्बन्धी एक विशेष बहस कार्यक्रम सुस्मितालाई सञ्चालन गर्न दिने भएको छ ।

रेडियो सिमराका स्टेशन प्रमुख सत्य श्रेष्ठले उहाँको कार्यक्रमलाई सबैले मन पराएकाले विशेष कार्यक्रम नै सञ्चालनको जिम्मेवारी दिने तयारी स्टेशनमा भइरहेको बताउँदै भन्नुभयो,  'अब रेडियो बहसमा सुस्मिताको आवाज छिट्टै गुन्जिनेछ ।'

■■■

# रेडियो बज्नासाथ बोल्न मन लाग्थ्यो




**सुस्मा विश्वकर्मा**
**रेडियो नागरिक, सिमरा**

सामुदायिक रेडियो नागरिक बाराबाट सिमराकी १८ वर्षीय किशोरी सुस्मा विश्वकर्माले किशोरीका विषयमा बहसमूलक कार्यक्रम सञ्चालन गर्नुभयो । कार्यक्रम सकेर स्टुडियोबाहिर निस्कदा उहाँले खुसीको सीमा नै नरहेको बताउनुभयो ।

सुस्मा भन्नुहुन्छ, 'सानैदेखि रेडियो बज्नासाथ आफूलाई पनि बोल्न मन लाग्थ्यो। आज अकोराब, प्लान इन्टरनेशनल नेपाल र रेडियो नागरिकमार्फत मेरो सपना साकार भयो । धन्यबाद भन्ने शब्द नै छैन ।' यो अवसरले सुष्मामात्रै होइन, उहाँजस्ता धेरै किशोरीको मनोबल बढाएको छ । जितपुर सिमरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत डिल्लीराज बेलबासेले प्लान इन्टरनेशनल नेपाल र अकोराबले थालेको यो सराहनीय कार्यक्रम रहेको बताउनुभयो । देशैभरी एकै दिन एकै खाले कार्यक्रम किशोरीहरुको लागि प्रभावकारी हुने उहाँको भनाइ छ। समाज रुपान्तरण हुँदै गए पनि किशोरीका लागि अझै सहज बन्न नसकेको बताउँदै उहाँले यस्ता बहुउपयोगी कार्यक्रम सञ्चालन गर्न अब दिवस मात्रै कुरेर बस्ननहुने धारणा राख्नुभयो । अर्का अतिथि महिला अधिकारकर्मी बेली पाठकले समाजको नजर फेर्न यस्तै बहस आवश्यक रहेको बताउनुभयो । उहाँको भनाइ थियो, 'नसकिने केही छैन, नहुने पनि केही छैन तर हुन्छ गरौँ भन्ने कोही छैन । प्लान इन्टरनेशनल नेपाल र अकोराबले अगाडि बढाएको कदममा सबैले साथ दिन जरुरी छ ।'

किशोरीका समस्याका विषयमा लड्न किशोरी नै सक्षम छन् भन्ने कुरा आजको रेडियो कार्यक्रम टेकओभरले पनि सावित गरेको छ । अर्का अतिथि शोभा कार्कीले देशले पुरै कोल्टे फेर्दासमेत किशोरीका समस्या जस्ताको तस्तै रहेको भन्दै समाधानका लागि किशोरीलाई मनोबल बढाउने काम गरे मात्रै उनीहरुले धेरै प्रगति गर्न सक्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, 'यो समाज अझै पनि किशोरीका लागि इन्द्रजाल बनेको छ । समाज बदल्न पहिले समाज भित्रको 'म' बदलिनु जरुरी छ ।'

■■■

# वर्णन गरिनसक्नुको उत्साह जाग्यो




**सन्ध्याकुमारी साह**
**रेडियो समग्र, लहान**

कहिल्यै रेडियो कार्यक्रम सञ्चालननगरेका नयाँ प्रस्तोताले निश्चित समयका लागि निश्चित विषयमा केन्द्रित भएर जिम्मेवार तवरले सञ्चालन गर्ने कार्यक्रम नै रेडियो 'टेकओभर' थियो । यसै कार्यक्रमका लागि १५ वर्षीय सन्ध्याकुमारी साह छनौट हुनुभयो । छोरीले रेडियोमा दिएको पहिलो प्रस्तुती सुनेर सन्ध्याका बुबा दङ्गदास नै हुनुहुन्छ । उहाँको बिचारमा मधेसमा किशोरीले रेडियोमा सरोकारवाला निकायहरुसँग अन्तर्क्रिया गरेको यो नै पहिलो पटक हो । यो कार्यक्रमले जिल्लाभरिका किशोरीहरुलाई अगाडिको बाटो देखाउन प्रभावकारी सुरुवात गरेको छ । यस्ता कार्यक्रमलाई निरन्तरता दिनु अबको आवश्यकता भएको उहाँको भनाइ छ ।

सन्ध्याकुमारीका आमाले भन्नुभयो, 'कार्यक्रम सञ्चालन भइरहँदा छोरीले कमजोर प्रदर्शन गर्छिन् कि भन्ने चिन्ता लागेको थियो तर आफैलाई विश्वास लागेन कि छोरीले पहिलो पटक कार्यक्रम सञ्चालन गर्दा पनि रेडियोमा सरोकारवाला निकायहरुसँग किशोरीका सवालमा गजबको अर्न्तक्रिया गरिन् । यसबाट सावित भएको छ गरे के नहुने रहेछ र ! अतिथि र रेडियोबाट पनि राम्रो प्रतिक्रिया पाइयो । यसले छोरीको हौसला अझै बढाएको छ । अब छोरीले पनि आफ्ना समस्या खुलेर भन्न सक्ने दिन सुरु भएको प्रमाणित भएको छ । यसबाट म सबैभन्दा बढी खुसी भएकी छु । मैले सोचे जस्तै मेरी छोरी पनि भविष्यमा ठूलो मान्छे बन्छे भन्ने विश्वास बढेको छ ।' कार्यक्रम पश्चात छोरीलाई समाजमा हेर्ने दृष्टिकोण नै बदलिएकोमा सन्ध्याकुमारीका अभिभावक सबभन्दा धेरै खुसी हुनुहुन्छ । भन्नुहुन्छ, 'किशोरीका सवाल उठाएर किशोरी सशक्तिकरणमा सन्ध्याले सञ्चालन गरेको कार्यक्रम प्रभावकारी भएकाले विद्यालयमा शिक्षक, साथीहरुमा पनि ठूलो प्रेरणा र खुसी छाएको छ ।'

■■■

# डराउने किशोरी नै टेकओभरको नेतृत्वमा

**कृष्णाकुमारी महासेठ**
**जलेश्वरनाथ एफएम, महोत्तरी**

तराईमधेसमा किशोरीहरुको अगुवाई तथा नेतृत्वमा निकै कम गतिविधि हुने गरेको पाइन्छ । किशोरीहरुलाई केही गर्ने इच्छा भए पनि समाजको गलत हेराइका कारण उनीहरुले चाहेअनुसारको गतिविधिमा सजिलै भाग लिन पाउने वातावरण बनिसकेको छैन । यसले गर्दा समुदायमा किशोरीहरु उच्च शिक्षा हासिल गर्नबाट पनि बञ्चित रहेको पाइन्छ । यस्तो सामाजिक सांस्कृतिक अवस्था विद्यमान रहेको समयमा समुदायलाई परिवर्तन गर्न तथा किशोरीहरुको नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा प्लान इन्टरनेशनल नेपाल र सामुदयिक रेडियो प्रसारक संघ (अकोराब) को संयोजनमा जलेश्वरनाथ एफ.एम ९०.४ मेगाहर्ज महोत्तरी जलेश्वरद्धारा किशोरीकै नेतृत्वमा बहसमूलक कार्यक्रम सञ्चालन गरियो ।

साविक भटौलिया गाविस हाल एकडारा गाउँपालिकाकी कृष्णा कुमारीले असोज २५ गते बहसमूलक कार्यक्रम निर्धक्कसाथ सञ्चालन गरेर सबैलाई छक्क पारिदिनु भएको छ । उहाँको सफलताले जिल्लाका अरु किशोरीहरुमा 'हामी पनि गर्न सक्छौं' भन्ने विश्वास सिर्जना भएको छ । कृष्णाले रेडियो कार्यक्रमबाट व्यापक सफलता पाएको महसुस गर्नु भएको छ । उहाँले भन्नुभयो, 'म गाउँमा बसोवास गर्ने किशोरी । १२ कक्षामा अध्यनरत छु । रेडियोमा कार्यक्रम गर्ने इच्छा भए पनि मेरो आमा र दाजुले घरबाट बाहिर जानु हुदैन भनिरहनुहुन्थ्यो । त्यसैले पनि म कहिल्यै उहाँहरु विपरित जान सकिन । रेडियोमा किशोरीहरुको सवालमा कार्यक्रम गर्नको लागि छनौट हुँदा निकै खुसी भएँ । उक्त कार्यक्रम गर्नको लागि आमा र दाजुबाट सहमति लिन सजिलो भने थिएन । आमा र दाजुलाई सम्झाइबुझाई गरेर कार्यक्रम पनि सफलतापूर्वक सम्पन्न भयो । कार्यक्रम प्रसारण हुँदा म भन्दा पनि आमा र दाजु खुसी हुनुहुन्थ्यो ।' कृष्णाको आमाले त्यो खुसी साट्दै भन्नुभयो, 'हाम्रो समुदायमा छोरीलाई घरबाट बाहिर निस्कन मनाही छ । छोरीले यसरी रेडियोबाटै आफ्ना समस्याहरु खुलेर प्रस्तुत गर्दा म त दङ्गै भएँ ।' आमा र दाजु आफ्नो प्रस्तुती सुनेर खुसी भएको देखेपछि कृष्णा पनि निकै खुसी हुनुहुन्छ । अनि भन्नुभयो, 'मेरो त खुसीको सीमा नै छैन । ' कार्यक्रमलाई प्रभावकारी बनाउन आफूलाई सहयोग गर्ने जलेश्वरनाथ एफएमका स्टेशन म्यानेजर बैभव चौधरी, कार्यक्रम सञ्चालनमा सहयोग गर्नुभएका संयोजक गोपाल झाप्रति कृष्णा आभार व्यक्त गर्नुहुन्छ ।

■■■

# मेरो मनमा हिम्मत बढेको छ

**प्रियांकाकुमारी झा**
**रेडियो अप्पन मिथिला, महोत्तरी**

प्रियांकाकुमारी झा महोत्तरी जिल्लाको ग्रामीण क्षेत्रमा बसोवास गर्ने एक किशोरी हुनुहुन्छ । अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा प्लान इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघको सहकार्यमा रेडियो अप्पन मिथिलाको चर्चित कार्यक्रम 'समय सन्दर्भ'मा म किशोरी भएकाले भन्ने मूल नाराका साथ किशोरकिशोरीहरुको अवस्थाबारे विशेष सम्वाद कार्यक्रम सञ्चालन गर्ने मौका पाएपछि उहाँको उत्साह बताइनसकिनेगरी बढेको छ ।

जिल्लाका प्रमुख व्यक्तिहरुसँगको रेडियो सम्वाद कार्यक्रम उहाँको जीवनको पहिलो अनुभव हो । कार्यक्रम सफलताकासाथ सञ्चालन गरेपछि प्रियांकामा आत्मविश्वास भने निकै बढेको देखिन्छ । उहाँले सञ्चालन गरको कार्यक्रम सुनेपछि स्कुलका शिक्षक तथा साथीहरु र गाउँका आफन्तलगायत कार्यक्रम सुन्ने स्रोताले बधाई नै दिएका थिए । 'यी सबै प्रतिक्रियाले रेडियोमा अन्य कार्यक्रम पनि चलाउन सक्छु भन्ने विश्वास पलाएको छ ।' प्रियांकाले भन्नुभयो, 'अब मेरो मनमा हिम्मत बढेको छ । आमाबुबाले पनि ममा आत्मविश्वास बढेको प्रतिक्रिया दिनु भएको छ ।'

■■■

# साथीभाइ, इष्टमित्रहरूबाट धेरै फोन आए

रुकुम जिल्लामै पहिलो पटक रेडियोमा कहिल्यै नबोलेकी एक किशोरीले कार्यक्रम सञ्चालन गरेकी छन्। किशोरी समस्टी बुढा आफू छनौट भएर रेडियो सानी भेरीमा कार्यक्रम सञ्चालन गर्न पाउँदा आफूलाई भाग्यमानी ठान्नुभएको छ । समस्टी भन्नुहुन्छ, 'आफूले कहिल्यै रेडियोमा प्रस्तुती नदिएकाले पहिलो पल्ट अवसर पाउँदा सुरुमा डर लागेको थियो । तर पछि विषय बुझ्दै गएपछि र अतिथिहरुसँग अन्तर्क्रिया गर्दैगरेपछि डर कसरी हरायो पत्तो पाइन । हाम्रो परिवारमा रेडियोमा बोल्ने पहिलो व्यक्ति म नै भएकीले मसँगै घरपरिवार निकै खुसी हुनुभयो । त्यसैले कार्यक्रम प्रसारण सकिनेबित्तिकै मेरो मोबाइलमा सबैभन्दा पहिलो शुभकामना घरबाटै आएको थियो ।' समस्टीले अतिथिहरुलाई सोधेको प्रश्नमध्ये पहिलो थियो, विद्यालयमा शौचालयको राम्रो व्यवस्था नहुँदा महिनावारीको समयमा किशोरीहरु विद्यालय जाँदैनन् थाहा छ ? तपाई यो गाउँपालिकाको उपमेयर हुनुभएको छ, अब भन्नुस् यो समस्याको समाधान कसरी गर्ने भन्ने विषयमा सोच्नुभएको छ ? यो प्रश्नले सबैको मन छोएरै होला, फोनमार्फत साथीभाइ तथा इष्टमित्रहरुबाट पनि यही प्रश्नको राम्रो प्रतिक्रिया पाउनु भएको थियो। पहिलो कार्यक्रम मार्फत किशोरीहरुलाई नेतृत्वमा ल्याउन र उनीहरुलाई सशक्त बनाउन रेडियो कार्यक्रम प्रभावकारी भएको समस्टीलाई लागेको छ। यसैमा समस्टी थप्नुहुन्छ, 'रेडियोले यस्ता कार्यक्रमहरु अझै प्रभावकारी रुपमा अगाडि बनाउन जरुरी देखिन्छ।'




**समस्टी बुढा**
**रेडियो सानीभेरी, रुकुम**

■■■

# क्षमतावान, धैर्यवान र लगनशील किशोरी

**आरती शान्ति**
**रेडियो सर्लाही, सर्लाही**

महोत्तरी जिल्लाको बर्दीबास नगरपालिका वडा नम्बर-४ निवासी आरती शान्ति । उहाँको वास्तविक नाम आरती साह हो । आरती शान्ति एक द्वन्दपीडित किशोरी पनि हुनुहुन्छ। १६ वर्षकी आरती अहिले चेतना सन्देश नेपाल घुर्कौली सर्लाहीले सञ्चालन गरेको द्वन्दपीडित बालगृहमा बसेर पढ्दै हुनुहुन्छ। धेरै पढेर अनि पत्रकार बनेर आमाको सपना साकार बनाउने योजना उहाँको छ। तत्कालीन द्वन्दको समयमा बेपत्ता पारिएका आफ्ना बुवाको अवस्था पत्ता लगाउने, आफूजस्तै द्वन्दपीडित किशोरीहरुको लागि केही न केही गर्ने अठोट उहाँमा छ । उनीहरुलाई पढाउन र अगाडि बढाउनका लागि केही योगदान गर्ने मन छ उहाँलाई । 'आरतीलाई कार्यक्रम सञ्चालनका लागि प्रस्ताव गर्‍यौं । सुरुमा त उनी अकमक्कमा परिन् । त्यसपछि समर्थन जनाइन्। तर रेडियोमा कहिल्यै कार्यक्रम नगरेकी किशोरीले कार्यक्रम सञ्चालन गर्दा गुणस्तर खस्कने हो कि भन्ने डर रेडियोलाई थियो। तर जब उनी कार्यक्रम सञ्चालनका लागि स्टुडियोमा बसिन्। स्टुडियोमा उनीसँगै लहरै सरोकारवाला महिलाहरु पनि थिए । उनले ठूलै आँट गरेर कार्यक्रमको सुरुवात गरिन् । उनको सुरुकै शब्दले हाम्रो डर र शङ्का सबै हटे, किनकी उनले रेडियोले सोचे भन्दा पनि धेरै राम्रो प्रस्तुती दिइन् ।' रेडियो सञ्चालक समितिका एक सदस्यले भने । आरतीको प्रस्तुती सुनेर उहाँ क्षमतावान, धैर्यवान, लगनशील किशोरी भएको प्रमाणित भयो । जसले सानो अवसरको सदुपयोग गर्न सक्छ उसले जीवनमा सफलता प्राप्त गर्छ भन्ने एउटा उदाहरण आरतीको लागि सुहाउँछ। रेडियोले प्रदान गरेको सानो अवसरलाई वास्तवमै प्रभावकारी रुपमा सदुपयोग गर्नु भएको छ आरतीले ।

■■■

# बहसमा किशोरीको चहलपहल



शीतल थापा
रेडियो रामज्ञानु, बर्दिया

शीतल थापालाई आफुले किशोरीहरुको समस्याबारे सरोकारवालाहरुलाई अवगत गराउँदै प्रश्न राख्न सक्छु भन्ने विश्वास नै थिएन । तर अक्टोबर ११ अर्थात अन्तर्राष्ट्रिय बालिका दिवसका दिन उहाँ रेडियोमा बोल्नुमात्र भएन , रेडियो रामज्ञानुको चर्चित बहसमूलक कार्यक्रम किशोरी चहलपहलको पूरा नेतृत्वसमेत गर्नुभयो । उक्त कार्यक्रमले शीतल लगायत अरु किशोरीहरुलाई नेतृत्व विकासका लागि उत्प्रेरित गर्ने काम गरेको रेडियोका स्टेशन म्यानेजरको भनाइ छ । समाजमा भएका विद्यमान समस्याहरुलाई खोतल्नुको साथै किशोरी रेडियोसम्म आउनु र आफ्ना कुरा राख्नु ठूलो उपलब्धि भएको मान्नु पर्ने रेडियोको सोच छ । कार्यक्रममा सहभागी अतिथिहरुले आफूलाई अबका दिनमा आफ्नो प्रतिनिधित्व गर्ने संस्थाबाट यसलाई सहयोग गर्ने र कार्यक्रम नै सञ्चालनमा ध्यान दिने बताएका छन् । यस कार्यक्रमले किशोरीका समस्याका बारेमा पनि सरोकारवालाहरुलाई ध्यान दिन जरुरी छ भन्ने बोध गराएको कार्यक्रम सञ्चालिका शीतल थापाको अनुभव छ ।

■■■

# फुर्सदमा रेडियोमा बोल्ने अभ्यास



सुनिता शर्मा
रेडियो सिस्ने, रुकुम

'सानै उमेरदेखि रेडियोमा अरुले बोलेको सुन्दा मलाई पनि रेडियोमा बोलुँबोलुँ लाग्थ्यो । रेडियोमा कार्यक्रम गर्ने इच्छा भएकाले नै होला म फुर्सदको समयमा रेडियोमा बोल्ने अभ्यास गरिरहन्थेँ । बालिका दिवसको अवसरमा रेडियोमा कार्यक्रम सञ्चालन गर्ने अवसर पाउँदा म निकै खुसी भएँ । त्यो दिन मलाई लाग्यो कि अब मेरो सपना पूरा हुँदैछ । आफूले कहिल्यै रेडियो नदेखेको भएर होला, रेडियोमा कसरी बोल्ने होला भन्ने प्रश्न मेरो दिमागमा आइरह्यो । सुरुमा त बहस कार्यक्रम गर्न अलि गाह्रो होला कि जस्तो पनि लाग्यो । पछि सबै जनाको साथ र सहयोगले कार्यक्रम गर्न थप हौसला मिल्यो । कार्यक्रमलाई प्रभावकारी बनाउन मैले धेरै अभ्यास गरिरहें । अभ्यास र सबैको साथले होला सबैबाट कार्यक्रम पनि निकै राम्रो भएको प्रतिक्रिया पाएँ । यसले मलाई झन खुसी थपिदियो । मेरो जीवनको अविस्मरणीय दिन रह्यो ०७४ असोज २५ गते ।' टेकओभर कार्यक्रम गर्दाको अनुभव सुनाउँदै सुनिताले अगाडि भन्नुभयो, ' मैलै सोही दिनबाट रेडियोमा कार्यक्रम चलाउने अवसर पनि पाएँ । त्यही दिन म जीवनमा पहिलो पटक यति धेरै खुसी भएँ । त्यो खुसीको म शब्दमा बयान गर्न नै सक्दिन । रेडियोमा बोल्ने मेरो सपनालाई साकार पारिदिनुभएकोमा रेडियो सिस्ने, अकोराब र प्लान इन्टरनेशनल नेपालप्रति म आभारी छु । अरु किशोरीहरुलाई पनि यो कार्यक्रम फलदायी भयो होला भन्ने लागेको छ । आशा छ, हामी किशोरीहरुले यस्तै अवसर फेरि पनि पाउनेछौं ।'

■■■

# म पनि केही गर्न सक्छु




**रबिना मन्डल**
**जानकी एफएम, जनकपुर**

रेडियो भनेपछि हुरुक्कै हुने भए पनि कुनै दिन रेडियोमा बोल्न पाइएला भन्ने विश्वास थिएन । त्यसैले आफू र आफूजस्तै किशोरीहरुको विषय उठाएर यति छिटै अग्रजहरुसँग बहस गर्ने कल्पना कसरी मनमा आवस् ? त्यसैले 'सुरुमा रेडियो पस्दा त मैले सक्दिन क्यारे भन्ने पनि लागिसकेको थियो ।' रबिना भन्नुहुन्छ, 'तर नसकिने केही पनि छैन, इच्छाशक्ति र मिहिनेत गऱ्यो भने असम्भव पनि सम्भव हुँदो रहेछ ।'

> *घर बाहिरका मानिससँग बोल्न समेत लाज मान्ने छोरी आज रेडियो कार्यक्रम सञ्चालनको नेतृत्व लिनसक्ने भएकी छन्*

रबिनाको रेडियो कार्यक्रम सञ्चालनको खुबी सुनेपछि ३८ वर्षीय बुबा ध्रुव मन्डलको पनि खुसीको सीमा छैन । उहाँ भन्नुहुन्छ, 'अरु धेरै कुरा त म आफै बुझ्दिन तर छोरी रेडियोमा बोल्न सक्ने भइछ, यसैमा गौरवको महसुस गरिरहेको छु । छोरी सानैदेखी टाठी हो, केही गर्छेभन्ने त थियो तर हामीलाई ठाउँमा पुऱ्याउन सकिन्न कि भन्ने लाग्थ्यो' गहमा आँसु छछल्काउँदै उहाँ भन्नुहुन्छ, 'खै के के संस्थाले हो रे यसरी रेडियोमा छलफल गर्ने मौका दिएको नाम नै जान्दिन, तर धैरै खुसी छु ।'

सुरुमा त रबिनाकी आमा बोल्न लजाउनुभयो, पछि कुरा बुझ्दै गएपछि खुलेरै कुरा गर्नुभयो । छोरीको पहिलो रेडियो प्रस्तुतीप्रति निकै सन्तुष्ट हुनहुन्थ्यो, जुन उहाँको अनुहारमा प्रष्टै देखिन्थ्यो । घर बाहिरका मानिससँग बोल्न समेत लाज मान्ने छोरी आज रेडियो कार्यक्रम सञ्चालनको नेतृत्व लिनसक्ने भएकी छन् । अर्थात आजका किशोरी सक्षम छन् भन्ने ज्वलन्त उदाहरण हो यो । रविना भन्नुहुन्छ, 'अकोराब, प्लान इन्टरनेशनल नेपाल र जानकी एफएम सबैप्रति म कृतज्ञता प्रकट गर्छु ।' किशोरीलाई हेर्ने नजर बदल्न अब किशोरी नै जागरुक हुनु जरुरी छ भन्ने अतिथिहरुको भनाइ थियो । उनीहरुले यी र यस्तै कार्यक्रमका लागि साथ दिन आफूहरु सँधै तत्पर रहने पनि प्रतिबद्धता जनाएका थिए ।

■■■

# टेकओभरले सबैको चेत खुल्यो




**कुमारीमाया गोले**
**रेडियो पालुङ, मकवानपुर**

बहसको क्रममा मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १ का अध्यक्ष हेरमान गोपालीले किशोरी केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्नको लागि नगरपालिका तथा वडाहरु प्रतिवद्ध रहेको बताउनुभयो । टेकओभर कार्यक्रमको प्रभावकारिता राम्रो भएको उहाँको भनाइ थियो । कार्यक्रम सञ्चालन गर्न इच्छुक तथा अन्य किशोरी लगायतका व्यक्तिहरु पनि यस कार्यक्रमले निरन्तरता पाउनुपर्ने पक्षमा उभिएका छन् । वडा अध्यक्ष गोपालीले बालिका तथा किशोरी अवस्थामा सकारात्मक बाटो तर्फ उन्मुख गर्न सके भविष्यमा तिनै किशोरीहरु गाउँनगर हाँक्ने भएकोले सक्षम बनाउनुपर्ने भनाइ राख्नुभयो । यसका लागि नगरपालिकाले बालबालिका तथा महिलाको शीर्षकमा बजेट विनियोजन गरेको जानकारी पनि उहाँले दिनुभयो ।

कार्यक्रम सुनिसकेपछि शिक्षिका लक्ष्मी ढकालले किशोरीहरुको लागि ठोस योजना निर्माण गरेर अघि बढ्नसके परिवर्तन सम्भव हुने धारणा राख्नुभयो । विद्यालयहरुमा किशोरी स्वास्थ्यलाई मध्येनजर गरेर लैङ्गिक शिक्षिका नै तोकी सहजिकरण गरिरहेको उहाले सुनाउनुभयो । त्यस्ता कक्षामा सहभागी भएका किशोरीहरु निकै सक्रिय रहेको अनुभव उहाँले सुनाउनुभयो । थाहा नगरपालिकाका सूचना अधिकारी सुरजकुमार भुजेलले किशोरीहरुले अवसर पाउने किसिमका कार्यक्रम तर्जुमागरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । किशोरी वा केटी भएकै कारण यस्ता कार्यक्रमबाट वञ्चित हुन नहुनेमा उहाँको जोड थियो । रेडियोमा पहिलो पटक बहसमूलक कार्यक्रम गरेकी कुमारीका बुबा रामप्रसाद गोले छोरीको प्रस्तुती देखेर निकै दङ्ग हुनुहुन्छ । छोरीले रेडियोमा सरोकारवाला निकायहरुसँग किशोरीहरुका सवालमा अन्तर्क्रिया गरेको पहिलो पटक हो । यसले समाजको लागि पनि यो कार्यक्रमले उनीहरुलाई अगाडिको बाटो देखाउन प्रभावकारी भएको रामप्रसादको बुझाइ छ । किशोरीले कार्यक्रम सञ्चालन गरेपछि शिक्षक, अभिभावक र साथीहरुले निकै राम्रो कार्यक्रम भएको र यस्तो खालको कार्यक्रमले निरनतरता पउनुपर्ने प्रतिक्रिया दिएको कुमारीमायाले सुनाउनुभयो ।

■■■

# कुरीतिमाथि किशोरीको प्रहार




**आरतीकुमारी महतो**
**रेडियो रुपान्तरण, महोत्तरी**

देशभरका ३ सय किशोरीले एकै दिन सामुदायिक रेडियोमा बहसमूलक कार्यक्रम सञ्चालन गर्नु ऐतिहासिक घटना हो । यही कार्यक्रम महोत्तरीको गौशालामा रहेको रेडियो रुपान्तरणले पनि बिहान साढे सात बजे प्रसारण हुने 'रुपान्तरण विमर्श' मा आरतीले टेकओभर कार्यक्रम सञ्चालन गरेपछि रेडियोमा फोनको मात्रै होइन, चिठीको पनि ओइरो लाग्यो ।

यो रेडियोबाट सँधै रुपान्तरण विर्मशमा राजनीतिक विषयमा चर्चापरिचर्चा हुने कार्यक्रममा त्यो दिन एकाबिहानै स्थानीय १९ वर्षीय आरती जो रेडियोमा कहिल्यै कार्यक्रम नगरेको प्रस्तोताले एक्कासी टेकओभर कार्यक्रम सञ्चालय गरेपछि स्रोताहरु पनि दङ्ग भएर सुन्न थाले । कार्यक्रममा ३ जना अतिथिसँग आरतीले किशोरीका सवाल आफैले राख्नुभएको थियो । कार्यक्रममा सेभ द चिल्ड्रेनका प्रतिनिधि राजेन्द्रप्रसाद सिंह, गौशाला नगरपालिकाका उपमेयर आशा लामा र राष्ट्रिय मावि कान्ति बजारका प्रधानाध्यापक राजकिशोर सिंहसँग बहस चलाइएको थियो । कार्यक्रममा किशोरीहरुले विद्यालय र समुदायमा खेप्ने गरेका समस्याहरुको बारेमा कुराकानी भयो । आजसम्म हाम्रो समुदाय र विद्यालयमा किशोरकिशोरीहरुलाई कहिलेसम्म भेदभाव हुन्छ, यो भेदभावलाई कसरी अन्त्य गर्न सकिन्छ र यी कुरीतिहरुलाई अन्त्य गर्नका लागि तपाईहरुको के कस्तो भूमिका हुन्छ ? भन्ने प्रश्नहरुले अतिथिहरुलाई गम्भीर बनाएको थियो ।

कार्यक्रमको अन्त्यमा सेभ द चिल्ड्रेनका प्रतिनिधि राजेन्द्रप्रसाद सिंहले जीवनमा पहिलो पटक यति महत्वपूर्ण, ठूला र गहन विषयमा किशोरीहरुको प्रश्नको जवाफ दिन पाउँदा खुसी लागेको धारणा सुनाउनुभयो । उहाँले आरतीको प्रशंसा गर्दै अबका दिनमा पनि रेडियोबाट यस्तै कार्यक्रमहरु सञ्चालन गर्न आग्रह पनि गर्नुभयो । स्थानिय त्रिभुवन मावि गौशालामा कक्षा १२ मा अध्ययनरत आरतीलाई हिजोआज साथीहरुले पहिलेभन्दा फरक नजरले हेर्ने गरेका छन् । यतिमात्र होइन, विद्यालयले आयोजना गर्ने हरेक कार्यक्रममा उद्घोषण गर्न पाउने अवसर पनि आरतीले पाउने गर्नु भएको छ । आरतीलाई कार्यक्रम चलाउने ठूलो रहर छ भने अर्कोतर्फ स्रोताहरुको इच्छापूर्ति गर्नका लागि अब चाँडै नै किशोरीहरुको एक छलफल कार्यक्रम सञ्चालन गर्ने रेडियोले तयारी गरेको छ ।

■■■

# टेकओभरपछि आफन्तको स्याबासी

संगिताकुमारी साह
रेडियो राजदेवी, गौर

रेडियो सानैदेखि सुन्थेँ तर कसरी बोल्ने होला रेडियोमा ? कसरी स्टुडियोमा बोलेको कुरा रेडियोमा प्रसारण हुन्छ ? असाध्यै गाह्रो काम हो कि ? यस्तैयस्तै प्रश्न मनमा खेलाउँदै आउनु भएको थियो, चन्द्रपुर डुमरियाका १७ वर्षीया संगिताकुमारी साह । गाउँकै परिवेशमा हुर्केकी संगितासामु पारिवारिक तथा समाजिक अङ्कुशहरु थियो तर पनि केही गरौं भन्ने हौसलाका साथ नै उहाँ घरबाट टाढा रहेर आफ्नो अध्यन जारी राख्नु भएको थियो । बिदाको अवसरमा उहाँले किशोरी नेतृत्वमा कार्यक्रम चलाउने मौका पाउनुभयो । प्रष्ट बोली, ढुक्क बनेर प्रश्न सोध्ने कला नै टेकओभरका लागि उहाँलाई छान्नुको मुख्य कारण बन्यो । किशोरीहरुको स्वास्थ्य, शिक्षामा पिछडिएको जिल्ला भएको कारणले यही जिम्मेवारी उहाँको काँधमा पर्यो । मौका थियो किशोरीहरुको नेतृत्व क्षमता विकास गर्ने अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा । प्लान इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को संयोजनमा राजदेवी एफ एम ९३.२ मेगाहर्जमा प्रसारण हुन लागेको किशोरी शिक्षा कार्यक्रम । किशोरीको नेतृत्वमा रेडियो बहसमूलक कार्यक्रममा किशोरी शिक्षामा पाहुनाका रुपमा इम्प्याक्ट नेपालका कार्यक्रम अधिकृत हरेश्याम झा, मिशन फर कमन ग्राउण्डका फिल्ड कोर्डिनेटर पुनम ठाकुर र जिल्ला अस्पताल गौरका स्वास्थ्य शिक्षा प्रमुख हरेन्द्र गुप्ता सहभागी हुनु भएको थियो । स्पष्ट शैली र समसमायिक प्रश्नहरु राख्दै कार्यक्रम चलाइएपछि अतिथिहरुले पनि उहाँको सराहना गरेका थिए । किशोरी नेतृत्वमा रेडियो कार्यक्रम 'टेकओभर' सञ्चालनमा आएपश्चात संगिताकुमारी एकाएक चर्चामा आउनुभयो । एफएममा कार्यक्रम सञ्चालन गर्न सोच राखे पनि उचित अवसर र समयको अभावले गर्न नसके सुनाउँदै उहाँले भन्नुभयो, 'कार्यक्रम सञ्चालनपछि घर फर्किदा साथी, संगिनी लगायत घर, परिवारले अङ्गालोमार्दै स्याबासी दिनुभयो ।'

■■■

# सफलता सुनाउन पाएँ

पार्वती मण्डल
भोरुकवा एफएम,सप्तरी

म एक किशोरी हुँ र म पनि रेडियो सञ्चालनको नेतृत्व लिन सक्छु भन्ने उद्घोष कार्यक्रमको स्कृप्ट हेरेर १६ वर्षकी किशोरी पार्वती मण्डलले हिम्मतकासाथ गर्नुभयो । सामुदायिक रेडियोमा कार्यक्रम सञ्चालन गर्न अतिउत्सुक पार्वतीले स्वाभाविकरुपमा कार्यक्रम सञ्चालन गरेर सबैलाई छक्क पार्नु भएको थियो । बालअधिकार र बालिकाहरुको संरक्षण भन्ने विषयमा बहसमूलक कार्यक्रममा अतिथि हुनुहुन्थ्यो राजविराज नगरपालिकाका मेयर शम्भु यादव, उपमेयर साधना झा र महिला विकास अधिकृत चन्द्रकला श्रेष्ठ । सरोकारवालासँग विशेष छलफल गरी अत्यन्त प्रभावकारी प्रश्नहरु राखेर हौस्याउनु भएको थियो सञ्चालक पार्वतीले । "हुने बिरुवाको चिल्लो पात भने झैं" उहाँ सानैदेखि मिहिनेत र ज्ञानी पनि हुनुहुन्थ्यो भनेर अभिभावक र गुरुहरुले भन्नुभयो । 'पहिलोचोटी रेडियो कार्यक्रममा बोल्न पाउँदा ज्यादै खुसी भएकी छु ।' उहाँले भन्नुभयो । 'घरमा अभिभावक र विद्यालयमा गुरुहरुलाई आफ्नो सफलता सुनाउन पाउदा खुसीको सीमा नै रहेन । वास्तवमा म अली डराएकी थिएँ तर पहिलो प्रश्न गरिसकेपछि जव उत्तर दिनेहरुको अनुहार हेरें, त्यसपछि मलाई पो स्वाभाविक लाग्यो । मेयरले उत्तर दिनुभयो, राजविराज नगरपालिकामा कानुन भएर मात्र हुँदैन, त्यसलाई हामीले व्यवहारमा कार्यान्वयन पो गर्न जरुरी छ ।' पार्वतीले सरोकारवाला निकायसँग महिला तथा वालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु राख्ने र बाल क्लब तथा महिला सञ्जालहरुमार्फत कार्यक्रमहरु सञ्चालन गर्ने गर्नुहुन्छ । यस अभियानले किशोरीको नेतृत्व विकासका लागि उतप्रेरित गर्ने भएकाले यो अभियानले किशोरीको क्षमता अभिवृद्धि गर्नमा पूर्ण सहयोग पुग्छ भन्नेमा पार्वती विश्वस्त हुनुहुन्छ ।

■■■

# किशोरीमैत्री वातावरणमा जोड




**प्रकृति न्यौपाने**
**रेडियो नारायणी, चितवन**

टेकओभर कार्यक्रममा भरतपुर महानगरपालिका-७ का वडाध्यक्ष राजेन्द्रमणि काफ्लेले शिक्षाको कारण कुनै पनि किशोरकिशोरी बञ्चित हुन नपरेको दावी गर्नुभयो। वडा नम्बर ७ गत २०७३ जेष्ठ ७ गते तत्कालिन स्थानीय विकासमन्त्रीले महानगरको समन्वयमा बाल तथा वातावरणमैत्री वडा घोषणा गर्नुभएको थियो । यस कार्यक्रमबाट महानगरपालिकाको कार्यपालिकामा र वडाको कात्तिक ७ गते हुने वडा भेलामा किशोरीको सशक्तिकरण, किशोरीको अधिकार लागि छुटटै वजेटको ब्यवस्था गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो। किशोरी लगायत अन्य विषयमा सञ्चार माध्यमको साथ लिने प्रतिबद्धता पनि उहाँले जाहेर गर्नुभयो।

महिला तथा किशोरीमाथिको हिंसा, दुर्व्यवहार नियन्त्रणका लागि वडा सजग रहेको र वडामा बस्ने घरधनी तथा बहालवाला सबैको विवरण सङ्कलन गरिने उहाँले बताउनुभयो । अर्का अतिथि महिला तथा बालबालिका कार्यालयकी प्रमुख शान्ताकुमारी पौडेलले किशोरी शिक्षाको आधारभुत तहमा सहभागिता जनाउन पनि स्नातक र स्नातकोत्तर तहमा पहुँच कम रहेकोले पहुँच बृद्धि गर्नुपर्ने बिचार ब्यक्त गर्नुभयो । केही वर्षअघि चितवनको माडीमा भएको बोक्सीको आरोपमा आदिबासी महिलालाई आगो लगाइएको घटनाले आफूलाई साहै पिरोलेको हुँदा यस्ता घटना दोहरिन नदिन आफू लागीपरे को र आगामी दिनमा अझ लाग्ने प्रतिवद्धता जनाउनुभयो। कार्यक्रममा अर्का अतिथि अमरज्योति बिद्यालयकी शिक्षिका मीराकुमारी तिमिल्सेनाले अहिले पनि हाम्रो समाजमा छोरा र छोरीबीचको भेदभाव शिक्षामा जारी रहेको अनुभव सुनाउनुभयो। छोरालाई राम्रो बोर्डिङ्ग र छोरीलाइ सामुदायिक बिद्यालयमा पढाउने परिपाटी भएकोले यसलाई तत्कालै अन्त्य गरिनुपर्ने भन्दै बालिकालाई उनीहरुको चाहना अनुसार सीप बृद्धि गराउन सहयोगी भूमिका निर्वाह गरिएको पनि बताउनुभयो। ■■■

## रेडियो रौतहटमा कार्यक्रम सकिएपछि अभिलाषा ठाकुर अतिथिहरूसँग प्रमाण पत्र लिदै ।

रेडियो रौतहट,गौर

किशोरी : अभिलाषा ठाकुर




## किशोरीहरूमा आत्मविश्वास जगाउनका लागि कार्यक्रमले सहयोग गर्ने अतिथिको प्रतिबद्धता

रेडियो चन्द्रपुर, रौतहट

किशोरी : स्मृति अर्याल




## किशोरी मरियम साहेबालाई सम्मान गरेर प्रमाणपत्र दिदै

रेडियो मधेश जनआवाज,रौतहट

किशोरी : मरियम साहेबा



## किशोरी समस्या, र बालविवाहको समस्या बारेको बहस

रेडियो : रेडियो गुजरामाई,रौतहट

किशोरी : भूमिका घिमिरे




## किशोरीको उमेर समूहमा पार्ने प्रभावको बारेमा अतिथिहरूकासाथ प्रश्नहरू राख्दै

रेडियो मध्य तराई, बारा

किशोरी : कजोल परियार




## किशोरीका समस्या र समाधानका उपायका बारे छलफल गर्दै सामना चौलागाई

रेडियो एकता, सर्लाही

किशोरी : सामना चौलागाई



## किशोरीलाई अभिभावकले अग्रसर बनाउनुपर्छ

**प्रतिभा लुईटेल**
**रेडियो उन्नति, भोजपुर**

इलाम जिल्लामै पहिलो पटक दृष्टिविहीन किशोरीले पनि कार्यक्रम सञ्चालन गर्ने अवसर पाएकोमा मीना आफूलाई भाग्यमानी ठान्नुहुन्छ । उहाँले भन्नुभयो, 'म छनौट भएर इलाम एफएममा कार्यक्रम सञ्चालन गर्न पाउँदा योवास्तविकता हो कि सपना ? मलाई नै छुट्याउन अप्ठेरा परेको छ । मैले रेडियो देख्न नपाए पनि बोल्ने अवसर पाएँ । यो मेरो जीवनकै ठूलो अविस्मरणीय घटना हो ।'

आफूबाट अब डर हराएर सबैको सामु बोल्न सक्ने भएको महसुस उहाँलाई भएको छ । प्रफुल्ल हुँदै मीनाले भन्नुभयो, 'कहिल्यै रेडियोमा नबोलेको हुँदा सुरुमा डर लागेको थियो तर विषय बुझ्दै गएपछि र अतिथिहरुसँग अन्तर्क्रियागर्दै जादाँ डर त हराएर गयो ।' 'मेरो परिवारमा कसैले कहिल्यै रेडियोमा बोलेको छैन र म नै परिवारको पहिलो रेडियो प्रस्तोता हुँदा म भन्दा मेरो परिवारका सदस्यहरु धेरै खुसी हुनुहुन्छ ।' मीनाले भन्नुभयो, 'त्यसैले कार्यक्रम प्रसारण भएपछि सबैभन्दा पहिलो फोन मलाई घरबाटै आयो । '

अतिथिहरुलाई सोधेको प्रश्न मध्ये जिल्ला शिक्षा अधिकारी लाई विद्यालयमा शौचालयको राम्रो व्यवस्था नहुँदा महिना वारीको समयमा किशोरीहरु विद्यालयमा नजानेको सङ्ख्या विद्यालयमा धेरै छ, के तपाईको शिक्षा नियामावली यही भन्छ ? भन्ने आफ्नो प्रश्नले स्रोताहरुको मन छोएको मीनाको बुझाइ छ । साथीभाइ तथा आफन्तहरुले यसबारे व्यापक प्रतिक्रिया दिएको जानकारी दिदै यो कार्यक्रम आफू लगायत आफूजस्तै अरु किशोरीहरुको लागि पनि निकै नै फलदायी भएको उहाँले धारणा सुनाउनुभयो । इलाम एफएमले कार्यक्रम राम्रोसँग सम्पन्न भयो भन्दै बधाई दिएको सम्झदै इच्छुक भए सोही रेडियोमा कार्यक्रम गर्ने अवसर दिन्छौं भन्दा मीनाको झन खुशीको सीमा नै रहेन । आफूलाई पत्रकारिता असाध्यै मनपर्ने क्षेत्र भएको बताउदै मीनाले भन्नुभयो, 'जल्दोबल्दो समस्यालाई तुरुन्त उठाएर जिम्मेवारहरुलाई सजग र जनतालाई जानकारी दिन पनि रेडियो कार्यक्रम प्रभावकारि भएको छ ।'

■■■

## अवसरले किशोरी उत्प्रेरित




**निकिता दुङ्गेल**
**रेडियो बेतना, मोरङ**

निकिता अहिले १७ वर्षकी हुनुभयो । किशोरीका विषयमा जान्न र बुझ्न रुचि राख्ने उहाँ, सोही विषयमा रेडियोमा छलफल गर्न पाउँदा निकै हर्षित हुनुहुन्थ्यो । बाल क्लबमा आबद्ध निकिता किशोरीसँग सम्बन्धित कार्यक्रमहरुमा सहभागी भएरै होला, उहाँको प्रस्तुती पनि प्रभावकारी थियो । उहाँले कार्यक्रममा किशोरीहरुले भोग्दै आएका समस्याहरु जस्तै बालविवाह, विभेद, किशोरीमैत्री शौचालयको अभाव, महिनावारीका समस्यामा लगायतका बारेमा बहस गर्नुभएको थियो ।

उक्त बहस रोचक रह्यो । उहाँले समस्याहरुको समाधान गर्नको लागि उपस्थित अतिथिहरुबीचको छलफलमै पहल गर्नुभयो । कार्यक्रममा अतिथिहरुलाई सहभागी गराउँदै भन्नुभयो, 'विद्यालयमा किशोरीहरुको सङ्ख्या कम हुनुको कारण के हो ला ? के तपाईलाई लाग्दैन, विद्यालयमा शौचालयको राम्रो व्यवस्था छैन । स्यानिटरी प्याड र पानीको न्यूनतम व्यवस्था नहुँदा किशोरहरुको तुलनामा कमै किशोरीहरु विद्यालय जान्छन् । उनीहरुलाई पनि आफ्नो पढाइ नछुटोस् भन्ने लाग्छ । तर किशोरीहरुले कहिलेसम्म यस्ता समस्या भोगिरहनु पर्ला ?'

निकिताले आफू र अरु शिरीहरुले भोगेका समस्याहरु जसरी निर्धक्क भएर राख्नुभयो, त्यसले अतिथिहरुलाई यसरी घच्घच्यायो कि अतिथिहरुले एक स्वरमा भने, 'तपाईको प्रस्तुतिले हाम्रा आँखा खोलिदियो । हामी ठान्थ्यौं, स्कूल जान छोरीहरु अन्कनाउनुका कारण अरु नै हुन् तर रहेछ अर्कै । हाम्रो त ध्यान नै अन्यत्र पो रहेछ । यो समस्या समाधानका लागि आगामी दिनमा हामी आआफ्नो स्थानबाट सकेजतिको पहल गर्ने छौं । यो कार्यक्रमको आयोजना गरेकोमा हामी सबै आयोजकलाई धन्यवाद दिन्छौं ।'

■■■

# रेडियोमा बोल्नु अविस्मरणीय घटना




**मीना थेबे लिम्बु**
**इलाम एफएम, इलाम**

इलाम जिल्लामै पहिलो पटक दृष्टिविहीन किशोरीले पनि रेडियोमा कार्यक्रम सञ्चालन गर्ने अवसर पाएकोमा मीना आफूलाई भाग्यमानी ठान्नुहुन्छ । उहाँले भन्नुभयो, 'म छनौट भएर इलाम एफएममा कार्यक्रम सञ्चालन गर्न पाउँदा यो वास्तविकता हो कि सपना ? मलाई नै छुट्याउन अप्ठेरो परेको छ । मैले रेडियो देख्न नपाए पनि बोल्ने अवसर पाएँ । यो मेरो जीवनकै ठूलो अविस्मरणीय घटना हो ।'

आफूबाट अब डर हराएर सबैको सामु बोल्न सक्ने भएको महसुस उहाँलाई भएको छ । प्रफुल्ल हुँदै मीनाले भन्नुभयो, 'कहिल्यै रेडियोमा नबोलेको हुँदा सुरुमा डर लागेको थियो तर विषय बुझ्दै गएपछि र अतिथिहरुसँग अन्तर्क्रियागर्दै जादाँ डर त हराएर गयो ।' 'मेरो परिवारमा कसैले कहिल्यै रेडियोमा बोलेको छैन र म नै परिवारको पहिलो रेडियो प्रस्तोता हुँदा म भन्दा मेरो परिवारका सदस्यहरु धेरै खुसी हुनुहुन्छ ।' मीनाले भन्नुभयो, 'त्यसैले कार्यक्रम प्रसारण भएपछि सबैभन्दा पहिलो फोन मलाई घरबाटै आयो । '
अतिथिहरुलाई सोधेको प्रश्न मध्ये जिल्ला शिक्षा अधिकारीलाई विद्यालयमा शौचालयको राम्रो व्यवस्था नहुँदा महिनावारीको समयमा किशोरीहरु विद्यालयमा नजानेको सङ्ख्या विद्यालयमा धेरै छ, के तपाईको शिक्षा नियामावली यही भन्छ ? भन्ने आफ्नो प्रश्नले स्रोताहरुको मन छोएको मीनाको बुझाइ छ ।

साथीभाइ तथा आफन्तहरुले यसबारे व्यापक प्रतिक्रिया दिएको जानकारी दिदै यो कार्यक्रम आफू लगायत आफूजस्तै अरु किशोरीहरुको लागि पनि निकै नै फलदायी भएको उहाँले धारणा सुनाउनुभयो । इलाम एफएमले कार्यक्रम राम्रोसँग सम्पन्न भयो भन्दै बधाई दिएको सम्झदै इच्छुक भए सोही रेडियोमा कार्यक्रम गर्ने अवसर दिन्छौं भन्दा मीनाको झन खुशीको सीमा नै रहेन । आफूलाई पत्रकारिता असाध्यै मनपर्ने क्षेत्र भएको बताउदै मीनाले भन्नुभयो, 'जल्दोबल्दो समस्यालाई तुरुन्त उठाएर जिम्मेवारहरुलाई सजग र जनतालाई जानकारी दिन पनि रेडियो कार्यक्रम प्रभावकारी भएको छ ।'

■■■

# किशोरीहरूको विकास र प्रवर्द्धन




**निर्भाना महत**
**ग्रेस एफएम, भक्तपुर**

मध्यपुर थिमी नगरपालिका, लोकन्थली स्थित ॐ ज्ञान मन्दिर स्कुलको कक्षा नौ मा अध्ययनरत निर्भाना महतले रेडियोको लोकप्रिय कार्यक्रम 'कफी वीथ आशुतोष' अक्टोबर ११, २०१७ का दिन टेक ओभर गर्नु भएको थियो । ॐ ज्ञान मन्दिर माविका जुनियर रेडक्रस सर्कल, विभिन्न बालक्लब र किशोरी समूहसँग आवद्ध रहेका ७ जना बालिकालाई प्रारम्भिक तालिमका लागि छनौट गरी एक हप्ते तालिम दिइएको थियो । तालिममा उत्कृष्ट निर्भानालाई रेडियोमा एक दिने माइक र माइक्रोफोनमैत्री तालिम पनि दिइएको थियो ।

कार्यक्रमका फोकल पर्सन रामगोपाल आशुतोषले अन्तरवार्ताका प्रकार, अन्तरवार्ताका प्रश्न र अन्तरवार्तामा दोहोरो सम्वाद आदिका बारेमा एक दिने प्रशिक्षण दिनुभयो । अन्तरवार्ताकारका काम र कर्तव्य, ओपेनिङ स्पिच, कार्यक्रमका बारेमा जानकारी, मेडिएशन, संक्षेपिकरण, क्लोजिङ आदिको स्कृप्ट राइटिङ लगायत चारदिने थप प्रशिक्षण पनि निर्भानालाई दिइएको थियो । साथै उहाँकै आवाजमा रेडियो प्रोमो बनाएर प्रसारण पनि गरिएको थियो । पहिला त कार्यक्रम सञ्चालन गर्न धक मानिरहनु भएको थियो। निर्भानाले अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा भक्तपुरमा सरोकारवाला निकायको जिम्मेवारीका बारेमा उनीहरूलाई जवाफदेही बनाउने विषय केन्द्रित सवाल उठाउनु भएको थियो ।

छोरीमाथि हुने विभेद, सम्पत्तिमाथि पहुँच र घरेलु हिंसा आदिका सवालमा सरोकारवाला संघसंस्थाले उठाउनुपर्ने जिम्मेवारी लागायत किशोरीहरूको आर्थिक सामाजिक विकासका लागि आर्थिक लगानीमा सरकारी निकायको चासोका बारेमा स्थानीय, क्षेत्रीय र राष्ट्रिय सरकारले लिनुपर्ने चासो र जिम्मेवारी आदिमा सवाल उठाइयो । नगरप्रमुख सोम मिश्रले स्थानीय निकायमा बालिका तथा किशोरी शिक्षा, स्वास्थ्य र सुरक्षाका लागि छुट्टै संयन्त्र खडागरी अनिवार्य शिक्षा लागु गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अर्का अतिथि बालबालिका कार्यालयका प्रमुख निला घिमिरेले सरकारी नीति तथा कार्यक्रममा आफूले हस्तक्षेपकारी भूमिका निर्वाह गरी उनीहरूको विकास, वृद्धि र सम्वर्द्धनका लागि सम्बन्धित निकायमा बजेटको व्यवस्था गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। लामो समयदेखि शैक्षिक उन्नयनका लागि आफ्नो श्रम र समय खर्चेकी सानु घिमिरेले आफूले तीसौं वर्ष शिक्षामा लगानी गरी बालिका शिक्षालाई विशेष प्राथमिकता दिएको अनुभव सुनाउँदै भविष्यमा पनि बालिका शिक्षा, स्वास्थ्य र सुरक्षाका लागि निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन र ओम मावि पछि नपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

■■■

# किशोरीहरुका लागि मनोपरामर्श सेवा उपलब्ध गराइने




**सुशाना तुलाधर**
**मेट्रो एफएम, काठमाडौ**

काठमाडौं महानगरपालिका वडा नम्बर २ लाजिम्पाटको आदिवासी जनजाती नेवार समुदायकी १९ वर्षीय सुशाना तुलाधरलाई रेडियो कार्यक्रम प्रस्तोताको भूमिकामा मेट्रो एफएम ९४.६ मेगाहर्ज काठमाडौँले छनोट गर्यो । काठमाडौं महानगरपालिकाको सामाजिक विकास विभाग मार्फत वडावडामा रहेका बाल क्लबहरुमा आवद्ध रहेका र काठमाडौं महानगरपालिकासँग बालबालिकाका क्षेत्रमा समन्वय गरिरहेको विभिन्न संस्थाहरको राय सुझाव र छलफलपछि नै किशोरी सुशानालाई छनोट गरिएको थियो । सम्बन्धित निकायलाई उनीहरुकै अगाडि त्यसमाथि आफैले नै सोध्नु कस्तो गाह्रो काम पाएँ भनेर सुरुमा सुशानालाई लाग्यो । तर तालिमपछि आत्मविश्वास बढेको अनुभव उहाँले सुनाउनुभयो । कार्यक्रम सञ्चालनको तयारीका क्रममा आफूजस्ता बालबालिकाका क्षेत्रमा काम गर्ने संघसंस्था र अधिकारकर्मीहरुले उनीहरुको हक, अधिकार, शिक्षा स्वास्थ्यका क्षेत्रमा अझ बढी सक्रिय रहने प्रतिवद्धता व्यक्त गराउनुपर्ने लागेको बताउनुभयो ।

> सहरी क्षेत्रमा बसोबास गर्ने किशोरी हरुको समस्या पहिचान, बढ्दो सूचना प्रविधिको दुरुपयोग जस्ता विषयलाई सुशानाले कार्यक्रममा उठाउनुभयो

धेरै किशोरीहरुले आफ्ना मनमा लागेका कुराहरु भन्न नसक्दा वा सुनाउने व्यक्ति नभएका कारणले उदाशिनता रोगका शिकार पनि भइरहेका छन् । तसर्थ यस कार्यक्रम किशोरी तथा अभिभावकका लागि एक अत्यन्तै उपयुक्त कार्यक्रम भएको पनि सुशनालाई लाग्छ । किशोरी एवम् उनका अभिभावकहरुलाई मनोपरार्श उपलब्ध गराउने कार्यमा आफू प्रतिवद्ध भएको कुरा कार्यक्रममा उपस्थित अतिथिहरुले व्यक्त गरे । कार्यक्रम सुनेर सुशानाका धेरै साथीहरुले हौसलास्वरुप बधाई समेत दिए ।

सहरी क्षेत्रमा बसोबास गर्ने किशोरीहरुको समस्या पहिचान, बढ्दो सूचना प्रविधिको दुरुपयोग जस्ता विषयलाई सुशानाले कार्यक्रममा उठाउनुभयो । यस्ता समस्याहरुलाई समाधान गर्न र सामाजिक सञ्जालका माध्यमबाट गलत मनोभाव भेटिएका तथ्यहरुलाई सञ्चार माध्यमबाट जानकारी गराउने विषयमा पनि सरोकारवालालाई प्रतिवद्धता समेत गराउन उहाँ सफल हुनुभयो ।

■■■

# आफूजस्तैको लागि बोल्ने ठाउँ



**रीमा पुरी**
**मेरो एफ.एम. काठमाडौ**

रीमा पुरी १४ वर्षकी हुनुभयो । उहाँको इच्छाशक्ति र आत्मविश्वास पाको उमेरका नागरिकको भन्दा कम लाग्दैन । उहाँ समाजसेवी मात्र होइन गायिका बन्न चाहानुहुन्छ । ठूलाठूला मान्छेको अन्तर्वार्ता लिने चाहाना पनि उहाँको छ । 'ठूलाठूला' मान्छे को हुन् ? थाहा नभए पनि रेडियो र टिभीमा सुनेको, देखेकोजस्तै गरी प्रस्तुत हुने रीमाको चाहाना छ । 'सबै काम गर्न चिनेको मान्छे हुनुपर्छ भन्ने सुनेको थिएँ । तर होइन रहेछ ।' उहाँले रेडियोमा बोल्न पाउने अवसर पाएकोमा खुसी व्यक्त गर्दै भन्नुभयो । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) र प्लान इन्टरनेशनल नेपालको सहकार्यमा **म बालिका भएकीले** अभियान साथ किशोरीहरुलाई सामुदायिक रेडियोमा बहसमूलक कार्यक्रम चलाउने जिम्मेवारी दिइएकोमा उहाँले इमान्दारीपूर्वक निर्वाह गर्नुभयो। अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा एक दिनका लागि प्रस्तोता मध्येकी हुनुहुन्छ रीमा । रेडियोमा बोल्नु उहाँका लागि यो नयाँ अनुभव होइन । तर बहस कार्यक्रमको प्रस्तोताको रुपमा भने यो नयाँ हो । बिहान ६ बजेदेखि ८ बजेसम्म रीमा खुट्टाको थेरापीको लागि नृत्य सिक्न जानुहुन्छ । ८ देखि ९ बजेसम्म गायन कक्षा सकेर गान्धी आदर्शमा पढ्नुहुन्छ । रीमा गाउँगाउँ पुगेर आमाबुवा नभएका र शारीरिक समस्या भोगेका बालबालिकाको लागि काम गर्न चाहाना राख्नु भएको छ । 'नसोचेको खुट्टा त पाएँ, अब त असम्भव केही छ जस्तो नै लाग्दैन ।' उहाँले भन्नुभयो । बालिका दिवसले दिएको अवसरले आफ्नो आत्मविश्वासमा ऊर्जा थपिएको उल्लेख गर्दै आफूजस्तै ३०० किशोरीलाई अवसर दिनेले आफ्नै लागि कार्यक्रम आयोजना गरेकोजस्तो लागेको रीमाले सुनाउनुभयो ।

■■■

# हच्किने किशोरीको चुनौतिपूर्ण यात्रा




**सिर्जना भण्डारी**
**कृषि एफएम, धादिङ**

धादिङको गल्छी गाउँपालिकाकी १९ वर्षीय सिर्जना भण्डारी किशोरी समूहमार्फत सामाजिक गतिविधिमा सक्रिय हुनुहुन्छ । त्यसैले गर्दा उहाँले रेडियो पत्रकारको जिम्मेवारी पाउनुभयो । किशोरीको नेतृत्व विषयमा कार्यक्रम नै सञ्चालन मैले नै गरेको हुँ र भनेर पछि पनि अचम्म लागिरहेको सिर्जना बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'यो कार्यक्रम सञ्चालन गर्नु आगाडि आफू भन्दा अग्रज व्यक्तिहरुसँग बोल्न डर लाग्थ्यो । मुखबाट बोली नै निस्कन्नथ्यो । बल्लतल्ल मात्र जवाफ दिइन्थ्यो, लाज लाग्थ्यो । घरमै पनि बुवा, दाइहरुसँग बोल्न धक मान्ने समाज हो हाम्रो । शारीरिक रुपमा किशोरी उमेर सुरु भएपछि केही नयाँ कुरा भन्न नै लाज लाग्ने ! भन्न नै कताकता डर लाग्ने गर्थ्यो । तर, किशोरीको कार्यक्रम रेडियोमा सञ्चालन गर्न रेडियोका सरहरुले बोलाउनुभयो । कार्यक्रम कसरी गर्ने भनेर सिकाउनुभयो । त्यसपछि मनको डर हराउँदै गयो, हेर्दाहेर्दै खुलेर गर्न सक्ने आँट र क्षमता बृद्धि भयो ।' उत्साहित हुँदै उहाँले सुनाउनुभयो, 'जब मैले सञ्चालन गरेको कार्यक्रम कृषि रेडियोबाट बज्यो, घरपरिवार, साथी र समाजबाट हौसला दिएर कुरा गर्नुभयो । तिमी त खुलेर बोल्न सक्ने रहिछ्यौ भन्नुभयो । कसरी निर्धक्क कुरा गर्न सकेकी भनेर साथीहरुको प्रतिक्रिया थियो ।

■■■

# छोरीले समाज र देशलाई पथप्रदर्शन गर्न सक्छन्



**कविता भुजेल**
**रेडियो राजमार्ग, धादिङ**

धादिङको धुनिबेशीकी १९ वर्षीय कविता भुजेललाई कार्यक्रम सञ्चालनको लागि चयन गर्दासम्म उहाँलाई रेडियो कसरी सञ्चालन हुन्छ भन्ने बारेकेही थाहा थिएन। तीन दिनसम्म कार्यक्रम सञ्चालनबारे जानकारी गराइएपछि भने उहाँको सोच नै परिर्वतन भयो । कार्यक्रम टेकओभरका लागि अतिथि र किशोरी राखेर रेकर्ड गरिएको थियो । अन्तर्राष्ट्रिय बालिका दिवसको दिन बिहान ७:३० बजे, दिउँसो १ बजे र बेलुका ८ बजे विशेष कार्यक्रम 'राजमार्ग सम्वाद' को समयमा उक्त कार्यक्रम प्रसारण गरिएको थियो। किशोरीहरुको संलग्नतामा म बालिका भएकीले भन्ने अभियानअन्तर्गत विशेष कार्यक्रम राजमार्ग सम्वाद सञ्चालन गर्ने मौका पाउँदा कवितालाई पहिला त विश्वासै लागेन । साथै उहाँलाई मनमा डर पनि लाग्यो ।

"यस्ता कार्यक्रमले हामीजस्ता किशोरीहरुलाई हिंसा, अपहेलना तथा दुर्व्यवहारबाट जोगाउन महत्वपूर्ण भूमिका खेलेको लाग्छ ।" कविताले भन्नुभयो, "कतिपय समाजमा छोरी भएकै कारणले अझ पनि स्कुल जान नपाएका घटना हामी सामु छर्लङग छ । छोरी भनेको घरको काम गर्न नै जन्मेका हुन् र उनीहरुले पढेर समाज तथा देशलाई पथप्रदर्शकको काम गर्न सक्छन् भन्नेमा हाम्रो समाज अझ पनि टाढै रहेको छ ।" बालिका दिवसको अवसरमा कार्यक्रम राजमार्ग सम्वाद सुनेर धेरै स्रोताहरुले फोन मार्फत प्रतिक्रिया पनि दिए ।

कार्यक्रम सञ्चालन भइरहेको समयमै थाक्रे गाउँपालिकाको गोगनपानीबाट एक स्रोताको फोन समेत आयो । "टेकओभर कार्यक्रम ज्ञानवर्द्धक रहेछ, त्यसैले यसलाई पुनःप्रसारणको लागि अनुरोध गर्छु"। यस्तै अर्का स्रोताले गल्छि गाउँपालिकाको बेलिनिटारबाट यस्तो भने, 'राजमार्ग संवाद कार्यक्रममा जहिले पनि कि राजनीति कि विकासका कुरा मात्र हुन्थ्यो तर बालबालिका र खास गरेर किशोरीको विषयमा कुरा सुन्दा साह्रै खुसी लाग्यो । यसलाई निरन्तरता दिनुस है ।

■■■

# असल स्रोतालाई बनाइयो रेडियो प्रस्तोता

दुई पटक बालबालिका सम्बन्धी रेडियो कार्यक्रममा सहभागी भइसकेकी अनिता रामेछापको मन्थली नगरपालिका १० की किशोरी हुनुहुन्छ । उहाँको नाम रेडियो प्रेमी र रेडियोमा फोन गर्ने स्रोताको रुपमा परिचित छ । रेडियो सुन्ने स्रोताहरुले अनितालाई राम्रोसँग चिनिसकेका छन् । अनिता भन्नुहुन्छ, "सधै स्रोताको रुपमा आफैले फोन गर्ने रेडियोबाट आफैंलाई फोन आउँदा म छक्क परेँ ।' फोनमा रेडियोबाट प्रस्ताव गर्नुभयो, 'एउटा किशोरी कार्यक्रम छ । सञ्चालन गर्ने हो ?' यस प्रश्नमा आफू कार्यक्रम सञ्चालन गर्न तयार भएको अनिताले जानकारी गराउनुभयो । रेडियोमा कार्यक्रम चलाउने तरिका र कार्यक्रमको बारेमा रेडियोबाट जानकारी लिएपछि २०७४ साल असोज २५ गते 'टेकओभर' कार्यक्रम सञ्चालनको नेतृत्व लिनुभयो । कार्यक्रममा अतिथिका रुपमा महिला विकास अधिकृत सत्यदेवी अधिकारी, मन्थली नगरपालिकाका मेयर रमेश बस्नेत र बाल अभियान्ता लव श्रेष्ठ उपस्थित हुनुभयो । किशोरीहरुको विकासमा तपाईहरुले के गर्ने प्रतिवद्धता गर्नुहुन्छ ? भन्ने प्रश्नमा अतिथिहरुले किशोरीहरुको चेतनावृद्धि गर्ने, बालविवाहको न्यूनिकरणको लागि पहल गर्ने र अभिभावकविहीन किशोर किशोरीलाई शिक्षा र सीप सिकाउने प्रतिवद्धता जनाए । यस कार्यक्रम सञ्चालनपछि अनिताले सबैतिरबाट स्याबासी पाउनुभयो । कार्यक्रमबाट आफैले धेरै कुरा सिक्न र सिकाउन पनि पाएको उहाँको भनाइ छ । आम किशोरीहरुले आफ्नो बारेमा जान्न मात्र पाएनन्, आफ्नो अधिकारको लागि लड्नपर्ने रहेछ भन्ने सन्देश कार्यक्रमबाट पाएका छन् ।



**अनिता थापा मगर**
**रेडियो रामेछाप, रामेछाप**

■■■

# बाल्यकालदेखिकै सपना पूरा

सिन्धुपाल्चोक जिल्लाको तत्कालिन थुम्पाखर गाविसमा सफलता भण्डारीको जन्म २०५५ सालमा भयो। गाउँकै विद्यालयबाट १२ कक्षा पूरागरी हाल स्नातक तहमा अध्ययनगर्दै आउनु भएकी उहाँलाई सानैदेखि रेडियोमा बोल्ने रहर थियो। बालककालदेखि नै नयाँ कुरामा चासो दिने र आफैले नयाँ कुरा खोज्ने स्वभावको हुनुहुन्थ्यो। कक्षा ७ मा बाल क्लबमा आबद्ध भएपछि मात्र उहाँको यात्राले निरन्तरता पायो । समुदायस्तरको बाल क्लबदेखि विद्यालय हुँदै गाविस र जिल्ला स्तरसम्म बालक्लबको नेतृत्व गर्ने मौका पनि उहाँले पाउनुभयो । अग्रजहरुसँग कसरी बोल्ने ? आफ्ना कुरा आफूभन्दा साना माझ कसरी राख्ने ? यसबारे बालक्लबबाटै सिक्ने अवसर पाउनुभयो । उहाँ भन्नुहुन्छ, 'मलाई लाग्छ बाल क्लब सिक्ने र सिकाउने थलो हो । बाल क्लबमा रहँदा मैले बालिकाहरूको समस्याहरूलाई नजिकैबाट नियाल्ने मौका पाएकी छु ।' खास गरेर हाम्रो समाजका बालिकाहरूका समस्या कस्ता छन् ? कस्तो खालका पीडा भोगेर बसेका छन् ? आफै किशोरी भएकीले आफैले महसुस गर्न सकेको उहाँले जानकारी दिनुभयो । समाधानका लागि निरन्तर खवरदार गरिरहेको पनि उहाँको भनाइ छ । बालिकाका यस्तै समस्यालाई आफैले रेडियोमार्फत बहस गर्न पाउँदा खुसी लागेको मात्र होइन ठूलो जिम्मेवार पूरा गर्न पाएकोमा उहाँ सन्तुष्ट हुनुहुन्छ । उहाँलाई रेडियोमा कार्यक्रम सञ्चालन गरेको अनुभव थिएन, त्यसैले सुरुमा डर लागेको थियो । कार्यक्रममा मुख नखुलेर बोल्न नसक्ने हो कि भन्ने डर त छँदै थियो, त्यसबाहेक समाजका प्रतिष्ठित व्यक्तिसँग बहस गर्नुपर्ने उहाँका लागि चुनौति भए पनि राम्रो कार्यक्रम चलाउनुभयो ।



**सफलता भण्डारी**
**रेडियो सिन्धु, सिन्धुपाल्चोक**

■■■

# आफ्नै बाबुआमासँग कुरा गर्न सिकियो

**सरिता पराजुली**
**रेडियो खुला आकास, जुम्ला**

'मैले धेरै कुरा जानेको थिएन । रेडियो सुनेकी मात्र थिएँ, रेडियोमा कसरी बोल्छन् मलाई केही पनि थाहा थिएन। अझ केही वर्ष अगाडि रेडियोमा बोल्ने मान्छे नै फरक हुँदाहुन् जस्तो लाग्थ्यो । मैले रेडियोमा बोल्नेछु भनेर कहिल्यै कल्पना गरेको थिएन वि.सं. २०७४ असोज ५ गतेको दिन रेडियो खुला आकासबाट फोन आयो । भोलिपल्ट रेडियो खुला आकासको कार्यलयमा पुगेँ खुल्दुलिकासाथ । त्यहाँ धेरै मानिस देखेर अत्तालिएको पनि थिएँ । सरिताले भन्नुभयो । 'सरहरुले मलाई तिमी रेडियोमा बोल्नु पर्नेछ, सक्छौ भनेर सोध्नुभयो । मैले एक वाक्यमा उतर दिएछु- सक्छु । तर भनेँ, मलाई रेडियोमा कसरी बोल्ने थाहा छैन, तर आँट गर्छु म लगायत २ जना अरु किशोरीहरुलाई पनि त्यसैको लागि बोलाइएको रहेछ ।' आफूहरुलाई स्टुडियोमा हुने सामानहरुको बारेमा जानकारी गराइसके पछि बोल्न लगाइएको बारेमा सम्झदै सरिताले भन्नुभयो, 'अरु दुई जनाले बोल्न सकेनन्, बाहिर बोल्नु र रेडियोको स्टुडियोमा बोल्नु एउटै हुँदो रहेनछ । विषयवस्तुको तयारी हुनुपर्ने रहेछ । निरन्तरको प्रयासले आत्मबल बढ्दै गयो । प्रत्येक दिन केही समय रेडियोमा जान थालें । कार्यक्रम सञ्चालन नभएको समयमा स्टुडियोमै बसेर सिक्ने प्रयत्न गरिरहें । ख्याती प्राप्त प्रस्तोताहरुले सजिलै  बोलेका सुनेर र देखेर यतिको त म पनि सक्छु भन्ने आँट बढ्दै आउन थाल्यो र डर हराउँदै गयो ।' कार्यक्रम हुनु १ साता अगाडि रेडियोका ४ जाना स्टाफहरुलाई अतिथि बनाएर नमूनाको रुपमा कार्यक्रम पनि उहाँले चलाउनुभयो । कार्यक्रम सकिएपछि सुझाव पाउनुभयो । 'यसरी नमुना कार्यक्रमहरु ५ वटा सञ्चालन गरेपछि प्रत्यक्ष रुपमा कार्यक्रम नै सञ्चालन गरेँ ।' सरिताले भन्नुभयो । कार्यक्रम सकेर स्टुडियोबाट बाहिर निस्कँदा आफ्नो मोबाइलमा १० ओटा मिस कल आएको देखेको सुनाउँदै पहिलो कल नै आमाको रहेछ भन्नुभयो




'आमाले धेरै राम्रोसँग, नहडबडाइ बोलिस् ।' आमाको भनाइ सम्झदै सरिताले उल्लेख गर्नुभयो, 'वास्तवमा मैले सञ्चालन गरेको कार्यक्रम राम्रो भएको रहेछ । त्यसपछि त कसैसँग बोल्दा पनि डर लाग्न छुटेको छ । ढुक्क भएर बोल्ने आँट ममा त्यही कार्यक्रमले बढाइदिएको हो । अब म जो, कसैसँग आफ्नो ज्ञान र अनुभव बाँड्न सक्छु । किशोरी, बालबालिका र महिलाहरुका अधिकारको विषयमा वास्तविक आवाज उठाउन सक्छु ।

■■■

## रेडियो कार्यक्रमले ल्यायो उत्साह

रेडियो निकास, हेटौडा
किशोरी : सक्रियता खड्का




## कार्यक्रमले मेरो जीवनमा परिवर्तन ल्यायो

रेडियो त्रिशुली, नुवाकोट
किशोरी : मेरिना श्रेष्ठ




## अब मेरो मनमा हिम्मत बढेको छ

रेडियो कैरण, रामेछाप
किशोरी : सन्ध्या बस्नेत



## आफूले नै किशोरीको नेतृत्व गर्न सक्छु भन्ने आत्मविश्वास जागेको छ

रेडियो कृषि, धादिङ

किशोरी : रजिना परियार,




## मेरो परिवारमा म नै परिवारको रेडियो प्रस्तोता

रेडियो शिद्धबाबा, सिन्धुली

किशोरी : प्रतिक्षा कार्की , चोलामाया श्रेष्ठ



## समाज परिवर्तनका लागि किशोरी अगुवा

बुलबुल एफएम, सुर्खेत

किशोरी : तुलसी आचार्य



# बोल्ने अभ्यासले अगाडि ल्यायो

**सरु माझी**
**रेडियो दिदीबहिनी, पर्वत**

सानै उमेरदेखि रेडियोमा अरुले बोलेको सुन्दा १८ वर्षीया सरु माझीलाई पनि रेडियोमा बोलुँबोलुं लाग्थ्यो । रेडियोमा कार्यक्रम गर्ने इच्छा भएकाले नै होला उहाँ फुर्सदको समयमा रेडियोमा बोल्ने अभ्यास गरिरहनुहुन्थ्यो । यसैले सरुलाई रेडियो सञ्चालनमा सबैभन्दा अगाडि ल्यायो । अन्तर ाष्ट्रिय बालिका दिवसको अवसरमा रेडियोमा कार्यक्रम सञ्चालन गर्ने अवसर पाउँदा सुरुमा बहस कार्यक्रम गर्न अलि गाह्रो होला कि जस्तो लागे पनि उहाँले सबैजनाको साथ र सहयोगले कार्यक्रम सफलताकासाथ सम्पन्न गर्नुभयो । कार्यक्रमलाई प्रभावकारी बनाउन सरुले गरेको अभ्यासलाई धेरैले प्रशंसा पनि गरे ।

■■■

# किशोरीहरूबीच कार्यक्रम गर्ने चाहना

**सन्जिता पौडेल**
**रेडियो शालिग्राम, पर्वत**

१९ वर्षीया सन्जिता पौडेल टेकओभर अन रेडियो कार्यक्रममा बालिका र किशोरीकासँग सम्वन्धित निकायका प्रतिनिधिसँग कम उमेरमा भएको बिवाह दर, अदालत र प्रहरी कार्यालयमा बहुविवाहका उजुरीका सम्वन्धमा छलफल गर्नुभयो । कार्यक्रम सञ्चालन गर्ने प्रभावकारी कलाले उहाँलाई सबैबीच प्रख्यात पनि बनायो । आफ्नो बारेमा चर्चा भएको भने रेडियोमा कार्यक्रम गरेपछि मात्र सन्जिताले थाहा पाउनुभयो । उहाँले सञ्चालन गरेको कार्यक्रमका लागि महिला तथा बालवालिका कार्यालयकी महिला विकास निरिक्षक तारा सुनुवार, कुश्मा नगरपालिकाका उपप्रमुख सीता लामिछाने र रेडक्रस पर्वतका सभापति रुद्रवहादुर रिमाल सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा सोधिएका सवाल र सरोकारवाला निकायका प्रतिनिधिले दिएको जवाफले गर्दा किशोरी उमेरका वालिकाहरुका समस्या र सम्भावनाबारे धेरै स्रोताहरुले जानकारी पाएको प्रतिक्रिया रेडियोमा पठाए । अझै किशोरीहरुलाई नै सहभागी गराएर यस्तो कार्यक्रम भविष्यमा सञ्चालन गर्न पाए लुकेर बसेका समस्याहरु छलफलमा आउने सन्जिता बताउनुहुन्छ ।

■■■

## बाल विवाहमा कमी ल्याउने प्रतिवद्धता

**लक्ष्मी महत**
**रेडियो कर्णाली, जुम्ला**

चन्दननाथ नगरपालिकाका उपप्रमुख अप्सरादेवी न्यौपाने (महत), राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय जुम्लाका प्रमुख रमेशकुमार थापा र किर्डाक नेपालका वास थिम लिडर नविनकुमार शाहीकासाथ सम्पन्न कार्यक्रममा किशोरी लक्ष्मी महतले आफ्नो प्रतिभा देखाउने मौका पाउनुभयो । कार्यक्रममा सहभागी अतिथिहरुलाई बालविवाह, यसले किशोरीहरुमा पारेको असरका साथै महिनावारी बार्ने चलनका कारण किशोरी तथा बालिकाहरुमा परेको प्रभावका विषयमा केन्द्रित रहेर छलफल चलाउनु भएको थियो । कार्यक्रमका अतिथिहरुले जुम्लामा विद्यमान रहेको बालविवाह, महिनावारी प्रचलन र बालश्रमलाई न्यूनिकरणको लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

■■■

# बाल्यकालदेखिको सपना पूरा




**आशा पुन**
**रेडियो मध्यविन्दु एफएम, नवलपरासी**

आशा पुन १८ वर्षकी हुनुभयो तर उहाँको इच्छाशक्ति र आत्मविश्वासले सफलता पाउनमा सहयोग गरेको छ । रेडियो कार्यक्रम सञ्चालन गर्ने ठूलो मान्छे कसरी बनिन्छ आशालाई पनि थाहा छैन । रेडियो र टिभीमा सुनेको, देखेकोजस्तै जीवनमा पहिलो पल्ट रेडियोमा प्रस्तुत भएर सबै स्रोतालाई आश्चर्यमा पार्नुभयो। जब किशोरीहरुका समस्या र समाधानका लागि रेडियो कार्यक्रम सञ्चालन गर्ने प्रस्तोताका रुपमा छानिनुभयो, तब आफैं छक्क पर्नुभयो । 'वास्तवमा सफलता भन्ने कुरा मेहनतमा भरपर्ने रहेछ ।' रेडियोमा कार्यक्रम सञ्चालन गर्न पाएपछि आशाले सुनाउनुभयो । रेडियोमा बोल्न कतै अनुनय, विनय नगरी अवसर पाएकोमा उहाँ खुसी हुनुहुन्छ । रेडियोमा बोल्नु उहाँको नयाँ अनुभव भए पनि निकै परिपक्व रेडियो सञ्चालकले झैं कार्यक्रम चलाउनुभयो । 'रेडियोमा कार्यक्रम चलाएपछि मलाई लाग्यो कि असम्भव भन्ने कुरा संसार मा केही रहेनछ । बालिका दिवसले दिएको यो अवसरले आत्मविश्वास बढेको छ ।' आशाले सुनाउनुभयो ।

■■■

# आत्मविश्वासमा वृद्धि

**दुर्गा राना मगर**
**रेडियो बिहानी, बागलुङ**



छ वर्षको उमेरदेखि सर्बोदय माध्यमिक विद्यालयमा भर्ना भएर आफ्नो औपचारिक शिक्षा सुरु गरेकी दुर्गा अहिले कक्षा ९ मा अध्ययनरत हुनुहुन्छ । विद्यालयमा पनि अनुशासित विद्यार्थीका रुपमा परिचित उहाँ पढ्नुका अलावा नाच्ने, गाउनेमा रुचि राख्नुहुन्छ । एकवर्ष अगाडि उहाँले सामुदायिक रेडियो बिहानी ८९ मेगाहर्जद्वारा सञ्चालित १५ दिने आधारभूत पत्रकारिता तालिममा सहभागी हुने अवसर प्राप्त गर्नुभयो । 'त्यसपछि नै हो, मेरो पत्रकारिता क्षेत्रमा रुचि बढेको' दुर्गाले सुनाउनुभयो । 'म रेडियो कार्यक्रम सञ्चालन गरेपछि यति उत्साहित भएकी छु कि म मेरो जीवनमा पछि परेका किशोरी र बालबालिकाहरुको पक्षमा काम गर्ने प्रस्तोता नै बन्छु होला !' कार्यक्रम चलाउँदाका अनुभवका बारेमा भन्नुभयो । समुदाय र सरोकारवाला व्यक्ति तथा निकायको ध्यानाकर्षण गराएपछि उनीहरुलाई समुदायमा किशोरीलाई पनि छोरा सरह अधिकार प्राप्त गर्न सहयोग पुग्ने दुर्गालाई लागेको छ । साथै किशोरीहरु पनि समुदायलाई नेतृत्व गर्न सक्छन् भन्ने आत्मविश्वास बढेको छ ।

■■■

# ३ सय किशोरीको आत्मविश्वास




**खुस्बु शाह**
**थ्री एन्जल्स, रेडियो,पोखरा**

'म खुस्बु शाह । रेडियो थ्री एन्जल्सको तर्फबाट टेकओभर कार्यक्रम प्रस्तोता । प्लान इन्टरनेशनल नेपालले 'बिकज आई एम अ गर्ल' भन्ने अभियान चलाएको थियो, त्यसै अभियानमा म पनि सहभागी थिएँ । जब मैले कार्यक्रमको बारे थाहा पाएँ त्यो बेला एकदमै उत्सुक थिएँ । त्यसपछि हामी अडिसन दिन आयौँ । मजस्तै विभिन्न किशोरी साथीहरु त्यहाँ हुनुहुन्थ्यो । अडिसन दिँदा चाहीँ म एकदमै नर्भस थिएँ । सक्छु कि सक्दिन, केकस्तो हो यो कार्यक्रम भन्ने भइरहेको थियो । केही जानकारी थिएन । तर मै छनोट भएँ । मलाई निकै खुसी लाग्यो र कार्यक्रममा चलाउन सक्छु भन्ने विश्वास जाग्यो । पछि थ्री एन्जल्स सामुदायिक रेडियोका दाइ, दिदिहरुले तालिम दिनुभयो । व्यक्तित्व विकासदेखिका कुरा लिएर रेडियोमा कसरी बोल्ने, कार्यक्रम कसरी चलाउने, कसरी अरुको अगाडि बोल्नुपर्छ, आत्मविश्वास बढाउने कुराहरु पनि सिकाउनुभयो । त्यसपछि भने मलाई सजिलो भयो । धेरै कुराहरु, जुन पहिला थाहा थिएन, सिक्न पाइयो । आफूसँग जोडिएका कुराहरु, किशोरीहरुको हकअधिकार का बारेमा सरोकारवालाहरुसँग सोध्न पाउँदा आफूलाई निकैनै गर्व लाग्यो । देशका नीति, नियममा के-कस्तो व्यवस्था गरिएको छ, किशोरीहरुको लागि ? तर किन लागू भएका छैनन् व्यवस्था गरिएका कुराहरु ? किन हामीले समस्या भोग्नु परेको छ ? मैले अतिथिहरुलाई यी कुरा सोध्दा उहाँहरुमात्र होइन स्रोताहरुले पनि आफ्नो मनको कुरा सोधिएको भनेर खुसी मान्नुभयो । म मात्र होइन, मजस्ता किशोरीहरुका बारेमा सोध्दा आफूलाई नै जिम्मेवार भएको महसुस भयो । अनि मैले पनि कार्यक्रम मार्फत आफ्ना कुरा, जिज्ञासाहरु राख्न सफल भएँ । तपाईहरुले ३०० जना किशोरीको आत्मविश्वासको स्तर बढाउन सक्नुहुन्छ भने ३ लाख किशोरीहरुको पनि बढाउन सक्नुहुन्छ । यस्तै मौकाहरु तपाईहरुले ३ सय किशोरीको लागि मात्र नभएर ३ लाखभन्दा बढी किशोरीहरुलाई दिनुहुन्छ भन्ने विश्वास र आशा छ । '

■■■

# ३ विद्यालयलाई एक-एक लाखको अक्षयकोष




**समीक्षा ढुङ्गाना**
**रेडियो रामपुर, पाल्पा**

'म यस वडाका ३ विद्यालयमा आफ्नो तलबबाट १-१लाख रुपैँयाको अक्षयकोष स्थापना गरी कुनै एउटा न्यून आय भएको परिवारमा जन्मिएको, कुनै व्यवहारमा परेर पढ्न नपाएको अथवा आर्थिक समस्याका कारण पढ्न नसकेकाहरुका लागि मेरो आफ्नो तर्फबाट पढ्ने वातावरण मिलाउने घोषणा गर्छु । *-हिमाल मल्ल, (वडाध्यक्ष, रामपुर नगरपालिका, पाल्पा)* ।

मल्लले यस्तो प्रतिवद्धता जनाएपछि कार्यक्रम सञ्चालिका समीक्षा ढुङ्गानाले तत्कालै सोध्नुभयो, 'तपाईले भन्नु भएको कुरा आजको दिन नै घोषणा गरेर कार्यान्वयन नै गर्छु भन्नु हुन्छ ? भूल्नु त हुँदैन नि ?' समीक्षालाई हेर्दै रेडियो स्टुडियोमै वडाध्यक्ष मल्लले आफूले सामाजिक स्थानमा बोलिसकेको कुरा नभूल्ने र पूरा गरेरै छाड्ने बताउनुभयो ।

उहाँको प्रतिबद्धताका कारण पनि समीक्षाको कार्यक्रम प्रभावकारी भयो । नयाँ विषयमा पहिलो पटक बालिका स्वयम् कार्यक्रम चलाउँदा कस्तो हुने होला भन्ने कौतुहलतालाई उहाँले राम्ररी र निडरताकासाथ पार मात्र गर्नु भएन, उहाँले सञ्चालन गरेको कार्यक्रममा वडाध्यक्षले गरेको उद्घोषले रेडियो सुनिरहेका मानिसहरु पनि चकित भए ।

कहिल्यै रेडियोमा नबोलेकी बालिका समीक्षाले छोटो समयमा आत्मविश्वासका साथ कार्यक्रम सञ्चालन र पाहुनाहरुसँग बीचबीचमा प्रसङ्ग अनुसार जोडेर बालिकाका सवालमा निर्धक्कसाथ कार्यक्रम सञ्चालन गर्दा रेडियो रामपुरका रेडियोकर्मीका साथै स्रोता समेतले यो कार्यक्रमलाई निरन्तरता दिनु पर्ने माग गरेका छन् ।

पहिलो कार्यक्रमबाट आफू उत्साहित भएको समीक्षाले सुनाउनुभयो । उहाँले भन्नुभयो, 'आगामी दिनमा अझ प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न ठूलो हौसला बढेको छ ।'

■■■



# बालबालिका तथा किशोरी चासोका विषय बने

**कृष्णा आचार्य**
**रेडियो हाइवे लमही, दाङ**

अक्टोबर ११ का दिन रेडियो हाइवेको स्टुडियो बालिका तथा किशोरीमय बन्यो । त्यहाँ उपस्थित अतिथि तथा रेडियोकर्मी कुलै बालक-बालिका तथा किशोर-किशोरी भने थिएनन् । त्यो वातावरण बनेको थियो, अन्तराष्ट्रिय बालिका दिवसका अवसरमा आयोजित अभियानमूलक कार्यक्रम 'टेक ओभर'को क्षण । कार्यक्रमको प्रस्तोता हुनुहुन्थ्यो साथी समूह तथा विभिन्न स्थानिय बाल सञ्जालमा आवद्ध देउखुरी दाङकी १७ वर्षीय कृष्णा आचार्य । किशोरीले किशोरीकै विषयवस्तुमा रहेर कुराकानी गर्ने कार्यक्रम 'टेकओभर' मा लमही नगरपालिकाका उपप्रमुख देबका बेलबासे, बालिकाको क्षेत्रमा क्रियाशील गैरसरकारी सस्था स्वानका अध्यक्ष कृष्ण चौधरी र शिक्षाविद् जागेश्वर घिमिरे अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो ।

उहाँहरुसँग बाल अधिकारका सवालमा बनेका नीतिनियम, कार्यान्वयनको अवस्था, स्थानीय जनप्रतिनिधिहरुले बालिकाको क्षेत्रमा थालेका काम तथा प्रगति समानता लगायतका विषयमा कृष्णाले रेडियोमा सरोकारवाला आमन्त्रित व्यक्तित्वसँग प्रश्न सोध्ने र सरोकारवालासँग जवाफ लिनुभयो । रेडियोको 'टेकओभर कार्यक्रममा बोल्दै लमही नगरपालिकाका उपप्रमुख बेलबासेले बालिका अधिकारको क्षेत्रमा नगरपालिकाले आगामी दिनमा बजेट बिनियोजन गर्ने आश्वासन दिनुभयो । उहाँले जोखिममा परेका बालिकाहरुका लागि बिशेष कार्यक्रम सञ्चालन गर्ने पनि बताउनुभयो ।

उपप्रमुख बेलबासेले स्थानीय तहमा किशोरी र बालिकामाथि हुने घरेलु हिंसा, श्रमशोषण, लिङ्गको आधारमा गरिने विभेद, शिक्षामा गरिने असमान व्यवहार, बालविवाह अन्त्य, यौन शोषण अन्त्यका लागि प्रत्येक वडाबाट कार्यक्रम बनाएर काम गर्ने आश्वासन दिनुभयो । यसका साथै किशोरीहरुलाई नेतृत्व र व्यक्तित्व विकासमा अगाडि बढाउन विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले आगामी वर्षदेखि बजेट बिनियोजन गर्ने प्रतिबद्धता जनाउनुभयो । टेकओभर कार्यक्रमका अर्का अतिथि बालिका तथा किशोरीको क्षेत्रमा क्रियाशिल स्वानका अध्यक्ष कृष्ण चौधरीले किशोरीको नेतृत्व विकास र अधिकार प्राप्तिका लागि उनीहरुलाई शिक्षामा विशेष पहुँच बढाउन आवश्यक रहेको धारणा सुनाउनुभयो । सीपमूलक तालिम प्रदान गरेर स्वरोजगारतर्फ आकर्षित गर्ने कार्यक्रम राज्यले सञ्चालन गर्नुपर्ने र त्यसो भएमा किशोरीहरु जोखिमपूर्ण श्रम गर्नबाट छुटकारा पाउन सक्ने बिचार व्यक्त गर्नुभयो । शिक्षाविद जागेश्वर घिमिरेले बालसंरक्षण बाल बचाउ, बालविकास र बालिकाहरुको अर्थपूर्ण सहभागिताका लागि बनेका राष्ट्रिय नीति कार्यान्वयनमा कार्यपालिकाले जोड दिनुपर्ने धारणा राख्नुभयो । बाल हिंसा तथा असमानता न्यूनिकरणका लागि बालिकाहरुले आफ्नो कुरा आफै भन्न र गर्न सक्ने अवस्थाको सिर्जना गरिनुपर्ने र टेकओभर जस्ता कार्यक्रमहरु नियमिति रुपमा सञ्चालन हुन सक्नुपर्ने माग गर्नुभयो ।

■■■

# आफ्नै बाबुआमासँग कुरा गर्न सिकियो

**समीक्षा ज्ञवाली**
**रेडियो मुक्ति,बुटवल**

रुपन्देहीको राममणि क्याम्पसको कक्षा ११ मा अध्ययनरत १७ वर्षीय समीक्षा ज्ञवाली दृष्टिविहीन हुनुहुन्छ । उहाँको दृष्टि धमिलो भए पनि, बोली त्यति नै मीठो र प्रष्ट छ । 'दृष्टि नभएर के भो त, म अरु सामान्य व्यक्तिलेझैँ आफू पनि उनीहरुले गर्न सक्ने काम सबै गर्न सक्छु ।' उहाँले भन्नुभयो । सबै कुरा अक्टोबर ११ (अन्तर्राष्ट्रिय बालिका दिवस) का दिन बोलेर मात्र भन्नु भएको होइन, सबैलाई आश्चर्यचकित बनाउनेगरी सफलतापूर्वक रेडियो छलफल कार्यक्रम सञ्चालन गरेरै देखाउनुभयो । छैटौं अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा किशारीको नेतृत्व (गर्ल्स टेकओभर अन रेडियो) कार्यक्रममा समीक्षाले रेडियो मुक्ति बुटवलको स्टुडियोमा विशेष कार्यक्रम सञ्चालन गरेर स्रोतालाई कार्यक्रम सुन्न बाध्य पार्नुभयो । समीक्षालाई रेडयो सुन्न मन पर्छ । तर रेडियोमा प्रस्तोताका रुपमा प्रस्तुत हुन्छु भनेर चाहीँ उहाँले कहिले पनि सोच्नु भएको थिएन । पहिलो पटकको कार्यक्रम, त्यही पनि आफू र आफूजस्तै किशोरीका विषयवस्तुमा रहेर बहस गर्नु उहाँका लागि सजिलो भने थिएन । अहिलेसम्म रेडियो कार्यक्रम चलाउनेतिर सोच नबनाएकी समीक्षा गर्ल्स टेकओभर कार्यक्रम सञ्चालनमा भाग लिएपछि किशारीहरुको विषयमा रेडियो कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिने मनस्थितिमा हुनुहुन्छ । ११ अक्टोवरमा सञ्चालित कार्यक्रम यस रेडियोबाट दैनिक प्रसारण हुने रेडियो कार्यक्रम समय सन्दर्भको समयमा गरिएको थियो ।

उक्त विषेश कार्यक्रममा बुटवल उप-महानगरपालिकाका उप-प्रमुख गोमा आचार्य, सेतो गुँरास बालविकास केन्द्रका सचिव सुमित्रा शर्मा र कान्ति माविका प्रधानाध्यापक गोविन्द ज्ञवालीबीच छलफल चलाउनु भएको थियो । सम्वादमा रुपन्देही जिल्लामा रहेका किशोरीहरुको समस्या, समाधानका लागि गरिएका पहल र अबका लागि कार्ययोजनाका बारेमा स्थानीय तह, बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था र विद्यालय कसरी सञ्चालन गरिएको छ भन्ने विषयमा समीक्षाले प्रश्न गरी छलफल अगाडि बढाउनुभयो । कार्यक्रमको अन्त्यमा अतिथिहरुले यस्ता सूचनामूलक कार्यक्रमले सरकारी पक्ष र समाज जागृत भएर किशोरीमाथि हुने हिंसाको अन्त्य हुने बताउदै यो कार्यक्रम सामुदायिक रेडियोबाट निरन्तर उत्पादन र प्रसारण गर्न सुझाव दिनुभयो ।

प्लान इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघसँग 'गर्ल्स टेकओभर' कार्यक्रम सञ्चालन गर्नका लागि सम्झौता भएपछि कार्यक्रम रेडियोबाट प्रसारण गर्न भन्दा अगाडि उक्त कार्यक्रम प्रसारण हुनेबारे विभिन्न माध्यवाट




सूचना प्रवाह गरिएको हुँदा सो कार्यक्रम सुनेर धेरै स्रोताहरुले पनि कार्यक्रम राम्रो छ भनेर यसलाई निरन्तरता दिन आग्रह गरेका थिए । कार्यक्रम सुनेर किशोरीहरु स्वयम्ले आफ्ना विषयमा यसरी सरोकारवालाहरुलाई एकै ठाँउमा राखी छलफल र बहसको सुरुवात गरेकोमा खुशी व्याक्त गरेका थिए । समीक्षा हाल रेडियो मुक्तिमा बाल कार्यक्रम 'बाल प्रतिभा' प्रत्येक शनिबार ४ देखि ५ बजेसम्म सञ्चालन गर्दै आउनु भएको छ । नियमित कार्यक्रम सञ्चालन गर्न थालेपछि आफूलाई धेरैले चिनेको र प्रशंसा पनि पाइरहेको समीक्षा बताउनुहुन्छ ।

■■■

# किशोरीको जीवन अब छाउ गोठमा बित्ने छैन




**गीता जोशी**
**रेडियो सुदूर सन्देश, कैलाली**

'रेडियोमा अरुले बोलेको सुन्दा मलाई पनि बोल्न मन लाग्थ्यो । कहिल्यै अवसर पाइन । तर अन्तराष्ट्रिय बालिका दिवसको अवसर मा रेडियोमा कार्यक्रम सञ्चालन गर्ने अवसर मलाई नै मिल्यो । कार्यक्रमको लागि म छनौट हुँदा छक्कै परे । आफैलाई विश्वास लागेको थिएन कि म पनि रेडियोमा कार्यक्रम गर्छु भनेर । त्यो दिन म निकै खुशी भएको थिएँ ।' कार्यक्रम टेकओभर सञ्चालन गर्दाको अनुभव सुनाउँदै गीताले भन्नुभयो, 'सानैदेखि रेडियो सँधै सुन्ने भएकाले होला, लाग्थ्यो मेरो रेडियोमा बोल्ने सपना एक दिन पक्कै पनि पूरा हुनेछ । कहिल्यै रेडियो नदेखेको भएर होला, रेडियोमा कसरी बोल्ने होला भन्ने प्रश्न मेरो दिमागमा आइरहयो । सुरुमा त बहस कार्यक्रम गर्न अलि गाह्रो होला कि जस्तो पनि लाग्यो । पछि सबैजनाको साथ र सहयोगले कार्यक्रम गर्न हौसला मिल्यो ।'

धनगढी उपमहानगरपालिका भित्रै पनि छाउपडी प्रथाको अन्त्य हुन सकेको छैन । महिनावारी हुँदा घरमा सुते देवता रिसाउने भन्दै अझै पनि सुदूरपश्चिमका महिला गोठमै बास बस्ने परम्परा कायम नै छ । महिनावारी हुँदा यसको प्रत्यक्ष असर आर्थिक विपन्न परिवारका महिला, बालबालिकामा बढी परेको पाइन्छ । यसै विषयमा धनगढी उपमहानगरपालि वरपर रहेको छाउपडी प्रथा र तत्काल गर्न सकिने पहलका विषयमा पत्रकार सुशील ढुङ्गाना, पिस्विन कैलालीका कार्यक्रम संयोजक हर्क ओली र धनगढी उपमहानगरपालिका कैलालीका वडा अध्यक्ष गणेशराज जोशीसँग गीताले छलफल चलाउनु भएको थियो । 'छलफल गर्न पाउँदा मेरो खुसीको सीमा नै रहेन । कार्यक्रमपछि लाग्यो, अब चाँडै नै किशोरीका समस्याहरु समाधान हुनेछन् ।' गीताले भन्नुभयो ।

रेडियोमा कार्यक्रम चलाउने आफ्नो सपनालाई साकार पारिदिएकोमा रेडियो सुदूर सन्देश, अकोराब र प्लान इन्टरनेशनल नेपाललाई उहाँले धन्यवाद दिनुभयो । कार्यक्रम निरन्तर रुपमा चल्न सके पक्कै पनि अब किशोरीहरुको जीवन छाउ गोठमा नबित्ने उहाँको धारणा छ ।

■■■

# छाउ गोठमै ज्यान गुमाउनुपर्ने समस्या कहिलेसम्म ?




**कल्पना थापा**
**रेडियो दुल्लु, दैलेख**

रेडियो पत्रकारको जिम्मेवारी लिएकी १७ वर्षीया किशोरी कल्पना थापा कक्षा ११ मा अध्ययनरत हुनुहुन्छ । उहाँले सञ्चालन गरेको बहसमूलक रेडियो कार्यक्रममा महिला विकास अधिकृत अनिता ज्ञवाली, दलित महिला संघका जिल्ला अध्यक्ष एवम् गैसस महासंघका जिल्ला कोषाध्यक्ष पार्वती बिसुङ्के र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला प्रतिनिधि अमर सुनार सहभागी हुनु भएको थियो । गत असार २२ गते चामुण्डा बिन्द्रासैनी नगरपालिका-४ की २४ वर्षीय लालसरा बिक र सोही नगरपालिका ६ की १९ वर्षीया तुलसी शाही महिनावारी भएको बेला छाउगोठमा सर्पले टोकेर मृत्यु भया। उक्त घटनामा केन्द्रित रहेर उहाँले छाउपडीको अन्त्यलाई कार्यक्रमको मुख्य विषयवस्तु बनाउनु भएको थियो । दैलेखमा छाउपडी समस्या र यसले महिला तथा बालिकाहरु सबैभन्दा बढी पीडाबोध गर्नुपर्ने अवस्थामा रहेका छन् । रेडियोको बहस कार्यक्रममा जल्दोवल्दो विषयमा बोल्ने अवसर मिलेकोमा आफूलाई गौरवान्वित एवम् अझै पनि छाउपडी समस्या जीवित नै रहेकोमा दुखेसो गरेर कल्पनाले बहस कार्यक्रमको सुरुवातमै स्रोताहरुको ध्यानाकर्षण गराउनुभयो। समाज समुन्नतीको बाटोतर्फ लम्किरहँदा हाम्रो गाउँघरमा अझै पनि कयौँ बालिकाहरुले छाउ गोठमै ज्यान गुमाउनुपर्ने जस्ता समस्याहरु जीवित नै छ। यस विषयमा अतिथिहरुलाई समस्याको समाधान गर्न लागिपर्ने प्रतिबद्धता व्यक्त गराउँदै कार्यक्रम समापन गर्नुभयो। कार्यक्रम सकिएर घर पुगेपछि रेडियोमा भएको छलफलको चर्चा भएको सम्झँदै उहाँले भन्नुभयो,'आमाले भन्नुभयो, तैँले आज कार्यक्रम राम्रो गरिस् छोरी, अब यस्तै कार्यक्रम गर्नुपर्छ तैँले । आमाबुवा दुबैजना अति नै खुसी हुनुभयो। यसले मलाई अरु कार्यक्रम गर्न हौस्याएको छ ।' कल्पनाले सुनाउनुभयो, 'किशोर िहरुको लागि कार्यक्रम सञ्चालन गर्दा आफूले किशोरीका बारेमा धेरै कुराहरु जान्न पाउँदा निकै खुसी लागेको छ ।'

■■■

# प्रगतिको बाधक नै बालविवाह




**सुस्मिता सापकोटा**
**रेडियो चितवन, चितवन**

सुस्मिता सापकोटाका १७ वर्षको हुनुभयो, रत्नगर नगरपालिकाका खैरानीमा बस्नुहुन्छ । कक्षा ११ मा अध्ययनरत सुस्मिता सशक्ति बाल क्लबको सदस्य हुनुहुन्छ । सानैदेखि बोल्नमा रुचि राख्ने सुस्मिता कक्षा ५ देखि नै वक्तृत्वकला, वादविवादजस्ता कार्यक्रममा भाग लिदै आउनु भएको थियो। विद्यालयस्तरमा हुने सबैजसो कार्यक्रममा भाग लिने मात्र होइन, उहाँ पुरस्कार पाउने स्थानमा समेत परेर केही न केही हात पार्नुहुन्छ । नलजाउने स्वभाव सुस्मिताको छ । सभासम्मेलनमा बोल्ने रुचि भएकै कारण टेकओभरमा भाग लिन उहाँले रुचि राख्नुभयो । धेरैको माझ परिचित हुन पाइने, बोलेको कुरा रेडियोबाट साथीसँगी, आफन्तहरुलाई सुनाउन मिल्ने र व्यक्तित्व विकासमा सहयोग पुग्ने हुँदा कार्यक्रममा भाग लिन राजी भएको उहाँको भनाइ छ ।

कार्यक्रमले व्यक्तित्व विकास मात्र नभइ व्यक्तित्व विस्तारमा समेत सहयोग पुग्ने विश्वास सुस्मिता राख्नु हुन्छ । 'रेडियोमा बोल्न पाउने खबर पाउँदा खुसीको सीमा नै रहेन । पहिलो खबर बा, आमालाई सुनाएँ । असोज २५ गते म रेडियो चितवनमा बोल्दैछु भनेर सुनाउँदा बा-आमा पनि धेरै खुसी हुनुभयो । जो मेरा लागि सुनौलो अवसर हो ।' सुस्मिताले भन्नुभयो । समाजमा अशिक्षा, अज्ञानता र अन्धविश्वास अँझै कायम छ । छोरालाई निजी विद्यालय र छोरीलाई सामुदायिक विद्यालय पठाउने, त्यो पनि किशोरीले मावि तहको शिक्षामै सीमित हुनु पर्ने बाध्यता छ। हामी समस्या नै समस्याको बीचमा रहे पनि हाम्रो पहिलो नम्बरको समस्या नै बालविवाह हो । जसले गर्दा बालकले भन्दा बालिकाले बढी समस्या निम्त्याउनु पर्छ । बहुविवाह, आत्महत्या, बालिकाहरुमाथि यौनजन्य हिंसाहरु हुनेजस्ता घटना दिनप्रतिदिन बढ्दै गएका छन् । भने आमा र बच्चाको स्वास्थ्य खराबी मात्र भएको छैन्, भविष्य नै बर्बाद भएका उदाहरण धेरै छन् ।

'यसैकारण मैले बालिका दिवसको दिन रेडियो कार्यक्रममा किशोरी समस्या सम्बन्धी सवाललाई उठान गर्ने सोच बनाएको हुँ । ' उहाँले भन्नुभयो, 'अब म एक जना किशोरी मात्र नभएर समाजको प्रतिनिधि पात्र बन्न सक्छु भन्ने सावित भएको छ । स्वयम् व्यक्ति र परिवारबाट धेरै कुरा सुरुवात गर्न सकिन्छ, जुन कार्यबाट समाज सचेत हुन पनि सक्छ । धेरैले धेरै कुरा सिक्न सक्छन् । यस्ता कार्यक्रमको निरन्तरताले समुदाय मात्र नभएर सरोकार राख्ने निकाय समेत जिम्मेवार र सचेत बन्न सक्छन् ।'

■■■

# टेकओभरपछि आएको मम्मीको फोन

**ममताकुमारी साह**
**रेडियो सौगात, सिरहा**

सिरहामा रहेको रेडियो सौगातको बैठक कक्ष, १६ वर्षीया किशोरी ममताकुमारी साह पहिलो पटक रेडियोमा कार्यक्रम सञ्चालन गर्न तयारी अवस्थामा हुनुहुन्छ । ममतालाई दिवाकर प्याकुरेलले कार्यक्रम सञ्चालनको लागि केही सिकाइ रहनु भएको छ । त्यत्तिकैमा ममताले सञ्चालन गर्ने कार्यक्रममा सहभागिता जनाउन वर्क नेपाल, जिल्ला महिला अधिकृत देवकुमारी महरा, लहान नगरपालिकाका उप-मेयर सरियार चौधरी र सिरहा जिल्लाका बालबालिका तथा महिला कार्यालयकी जिल्ला अधिकृत जीवनकुमारी थापा आइपुग्नुभयो ।

आफूले नचिनेका मान्छेको कोठामा प्रवेश भएपछि ममताले थप असहज महसुस गर्नु भएको थियो । कार्यक्रमका लागि सबै अतिथि आइसकेपछि 'टेकओभर' कार्यक्रममा छलफल सुरु भयो, ममताले सञ्चालन गर्ने कार्यक्रम 'सौगात बहस' को विषयमा । बालिका दिवसको अवसरमा देशभरका सामुदायिक रेडियोबाट एकैसाथ सम्बन्धित रेडियोको प्रख्यात कार्यक्रमलाई 'टेकओभर' गरी बालिका अधिकारको विषयमा किशोरीहरुले सरोकारवालासँग बहस गरिरहेका थिए । रेडियो सौगातबाट नियमित प्रसारण हुँदै आएको कार्यक्रम 'सौगात बहस' टेकओभरगर्दै ममताले बालिकाका हक अधिकारमा केन्द्रित भएर कार्यक्रम सञ्चालन गर्नुपर्ने थियो । पहिला पनि अभ्यास गरेको हुनाले केही असहज भए पनि ममताले कार्यक्रमको सुरुवात गर्नुभयो ।




कार्यक्रममा सबैलाई स्वागतगर्दै जब उपस्थित भएका सरोकारवालासँग प्रश्न सोध्न थाल्नुभयो तब उहाँको आत्मबल पनि बढ्दै गयो । ममताले सञ्चालन गरेको 'सौगात बहस' कार्यक्रम सुन्ने स्रोतामध्ये उहाँकै परिवारका सदस्य, आफ्ना आफन्त, छरछिमेक पनि थिए । विद्यालय जाने अनि सामान्य घरको काम गरेर दिन बिताउने गरेकी ममताले यसरी समाजका सरोकारवालासँग सवाल जवाफ गरेको सुन्दा सबै अचम्म मानेर सुनिरहे ।

ममताले सरोकारवाला निकायका प्रतिनिधिलाई बालिकाका हक र अधिकारका विषयमा प्रश्न सोधिरहनुभयो । आफूलाई आधा घण्टाको समय बितेको पत्तै नभएको कार्यक्रम सकेपछि उहाँले बताउनुभयो । कार्यक्रम सकेर ममता स्टुडियोबाट बाहिरिँदै गर्दा मोवाइलको घण्टी बज्यो । आमा रेखा साहको फोन आएको रहेछ । एकछिन पछि फिस्स हाँसेर उहाँले भन्नुभयो, 'मम्मीको फोन थियो, घरबाट' । मधेसमा अहिले पनि महिलाहरु घरको चार पर्खाल नाघेर बाहिर आउन हुन्न भन्ने गलत धारणा व्याप्त छ । त्यस्तो परिवेशमा हुर्किएकी ममताले गरेको यो साहसबाट सबैभन्दा बढी ममताका आमा रेखा खुसी हुनुभयो । 'मेरो छोरीको कामले म साह्रै खुसी छु, ठुला मान्छेसँग सिधै प्रश्न सोधिन्' गर्वले उहाँको मुहार उज्यालो भयो । रेखाले रेडियो सौगातसँगको कुराकानीमा भन्नुभयो, 'हाम्रो छोरीलाई बोल्ने मौका दिनुभएकोमा तपाईहरुलाई पनि धन्यवाद ।' भोलिपल्ट विद्यालयमा पनि ममताकै चर्चा भयो । सबै साथीसँग रेडियोमा कार्यक्रम सञ्चालन गर्दाको अनुभव सुनाउँदैमा फुर्सद भएन । विद्यालयका शिक्षक, शिक्षिकाले पनि उहाँको कार्यक्रम सुनेर सुझाव प्रतिक्रिया र बधाई दिइरहेका थिए । अहिले ममतालाई धेरै मान्छेको भीडमा बोल्ने आँट मात्रै बढेको छैन आफ्नो अधिकारको विषयमा पनि धेरै जानकारी भइसकेको छ ।

■■■

# रेडियोमा दिनहुँ किशोरीका समस्या आउनुपर्छ

शकुन्तला साउद
आफ्नो एफएम, डडेल्धुरा

बालिका दिवसको अवसरमा आयोजित 'टेकओभर' कार्यक्रममा डडेलधुराका १७ वर्षीय शकुन्तला साउदको फरक अनुभव रह्यो । 'म एक किशोरी, रेडियो सञ्चालनको नेतृत्व लिन सक्छु भनेर नै मैले एक दिनका लागि भए पनि बहसमूलक कार्यक्रम चलाएँ !' उहाँले भन्नुभयो । बाल अधिकार र बालिकाहरुको संरक्षण भन्ने विषयमा बहसमूलक कार्यक्रममा अतिथिको रुपमा अमरगढी नगरपालिकाका मेयर विश्वेश्वरप्रसाद ओझा, महिला तथा बालबालिका कार्यालयका निमित्त कार्यालय प्रमुख विन्दु चटौत र लुःनिभा बाल सरोकार संस्थाका यज्ञराज बोगटीसँग शकुन्तलाले छलफल चलाउनुभयो । उहाँले राखेका प्रश्नहरुको उतर दिदै अतिथिहरुले बाल अधिकारको अवस्था सन्तोषजनक नभएको स्वीकार्दै आगामी दिनमा बाल अधिकारको अवस्था सुधारका लागि आआफ्नो स्थानबाट योगदान गर्न कुनै कार्य बाँकी नराख्ने प्रतिबद्धता जनाएका थिए ।




'पहिलो पटक रेडियो कार्यक्रममा बोल्न पाउँदा मन खुसी भएको थियो ।' उहाँले भन्नुभयो - 'तर म अलि डराएकी पनि थिएँ । पहिलो प्रश्न सोध्दा भने बिग्रने हो कि भन्ने लागेको हो तर जब अतिथिहरु अगाडि सवाल राख्न थालें, मसँग भन्नु पर्ने कुराहरु बढ्दै गए । कार्यक्रम चलाउँदाको अनुभव सुनाउनेक्रममा अगाडि उल्लेख गर्नुभयो, ' म स्वाभाविक रुपमा प्रश्न गर्ने र उतरहरु सुनेर प्रतिप्रश्न गर्न थालिहालें ।' कार्यक्रम सकिएपछि शकुन्तलाले मुसुमुसु हाँस्दै भन्नुभयो, 'मैले सञ्चालन गर्नुपर्ने कार्यक्रमको विषयवस्तुमा पसेकीले मेरो ध्यान कार्यक्रम नसकुन्जेल अन्यत्र जानै पाइन । जब कार्यक्रम सकियो, म आफै झल्याँस्स हुन पुगें–ए कार्यक्रम त सकिएछ ।' अमरगढी नगरपालिकामा बाल अधिकारको रक्षा र किशोरीका समस्या समाधानका लागि भएका कानुन कार्यान्वयनमा समस्या भएको उहाँको अनुभव छ । 'व्यवहार नहेरी कानुन मात्र देखाएर अगाडि जाँदा प्राप्ति भने कानुन अनुसार हुने रहेनछ । त्यसैले हाम्रो समस्या भनेकै कानुन नभएको होइन, त्यसको पालना नहुनु हो ।' शकुन्तलाले सुनाउनुभयो, 'यो कुरा मलाई सरोकारवाला निकाय महिला तथा वालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु राख्ने र बाल क्लब, महिला सञ्जालहरुमार्फत पटकपटक गरिएकोले पनि अहिले रेडियोको कार्यक्रम सञ्चालन गर्दा मलाई सहज भएको हुनसक्छ ।' सहज रुपमा उहाँ प्रस्तुत हुन सकेकीले अतिथिहरु पनि दङ्ग पर्दै किशोरीको प्रश्नको जवाफ रेडियो सुन्ने किशोरीहरुले बुझ्ने भाषामा स्वाभाविक रुपमै दिइरहे ।

कार्यक्रम सकिएपछि अतिथिहरुले किशोरीका समस्या र समाधानका बारेमा वर्षमा एक पटक मात्र नभइ दिनहुँ नै रेडियोमा छलफल हुनुपर्ने सुझाव दिदै निरन्तर रुपमा चर्चा भएमा मात्र सरोकारवाला निकायलाई पनि झकझक्याउन सजिलो हुने बताएका थिए ।

■■■

# भविष्यमा पनि कार्यक्रम सञ्चालन गर्ने चाहना

**राधिका बोहरा**
**रेडियो झिलिमला, कञ्चनपुर**

'म बालिका भएकाले', अभियानअन्तर्गत नाराकासाथ बालिका दिवसको अवसरमा सञ्चालन भइरहेका कार्यक्रमको नेतृत्वमा पुग्न रेडियो कार्यक्रम सञ्चालनको जिम्मेवारी किशोरी राधिका बोहराले लिनुभयो । बालिका आवाज, बहसमुलक कार्यक्रमका अतिथिको रुपमा भीमदत्त नगरपालिकाका उपप्रमुख सुशीला चन्द सिंह, माइती नेपाल कञ्चनपुरका संयोजक महेश्वरी भट्ट तथा सिविन नेपालका क्षेत्रीय संयोजक माधव लोहनी सहभागी हुनु भएको थियो । यो विशेष छलफल हाम्रो समाजमा हुने गरेको छोरा र छोरीबीचको भेदभाव तथा यसलाई हटाउनका लागि अपनाउनुपर्ने उपायका बारेमा केन्द्रित थियो । कार्यक्रममा लैङ्गिक बिभेद तथा न्युनिकरणका बारेमा सोधिएका अनेक प्रश्नहरुको जवाफ दिदै अतिथिहरुले परम्परागत रुपमा चल्दै आएका गलत मूल्य, मान्यताका कारण समाजमा बिभेद रहेको र पुस्ता परिवर्तनसँगै सकारात्मक प्रतिफल आउनेमा जोड दिएका थिए । प्रश्नहरुको जवाफमा कञ्चनपुर जिल्लामा सदियौदेखि जरा गाडेर बसेको छोरा र छोरीबिचको भेदभाव अन्त्यका लागि लोकप्रिय रेडियोमा आफूले कार्यक्रम सञ्चालन गर्न पाउँदा राधिका अत्यन्त खुसी हुँदै भन्नुहुन्छ, 'यो कार्यक्रम चलाउँदा मैले पनि छोराछोरीबीचको विभेद हटाउन आफ्नो ठाउँबाट योगदान दिइरहेको छु भन्ने लागिरहेको थियो ।' उहाँको भनाइ छ, 'म आफू पनि एक महिला भएकोले छोरीमाथि गरिने हरेक दुर्व्यवहार र भेदभावको अन्त्यका लागि हामी महिला नै अग्रपङ्तिमा नलाग्ने हो भने यो कुरितिको अत्य हुनेवाला छैन ।' महिला सशक्तिकरण तथा बालिका बचाउ अभियानलाई अझै प्रभावकारी ढङ्गबाट अगाडि बढाउन पुरुषहरुको पनि सहयोग लिन हामी पछि पर्नु हुँदैन किनभने पुरुष पराया होइनन्, हाम्रै बाबु, दाजुभाइ हुन् ।' कार्यक्रममा कञ्चनपुर जिल्ला भारतसँग जोडिएका हुनाले पनि दिनदहाडै महिला तथा बालिकाहरु बेचबिखनमा पर्ने गरेको चर्चा भएको थियो । कार्यक्रम प्रस्तुतकर्ता राधिकाले भन्नुभयो, 'कतिपय बालिका तथा महिलाहरु दलालहरुको ललाइफकाइमा सजिलै परिरहेका छन् यसको अन्त्य गर्न तपाईहरुले किन कुनै पहल नथालेको ?' यस्ता प्रश्न अतिथिहरु सामु गर्न पाउँदा मलाई सबभन्दा धेरै खुसी लागेको छ । कञ्चनपुर त्यस्तो जिल्ला हो, जहाँका धेरै वासिन्दा पहाडबाट झरेका हुन् । उनीहरुले छोराछोरीबीचको भेदभावको संस्कृति पहाडबाट ल्याएका हुन् । त्यसैले बसाई सरेर यहाँ आउँदा त यति कडिकडाउ छ, बिकट पहाडी क्षेत्रहरुमा कस्तो होला ?' बालबालिका शोषणको समस्या कञ्चनपुरमा एकदमै चुनौतीका रुपमा रहेको सवाल पनि उहाँले उठाउनुभयो । पहिलाको तुलनामा अहिले केही सुधार आए पनि अपेक्षाकृत रुपमा छोराछोरीबिचको अवस्था सन्तोषजनक नरहेको अतिथिहरुले पनि स्विकार गरेका थिए । रेडियोमा कार्यक्रम सञ्चालन गरेपछि उत्साही बनेर रेडियोमा काम गर्न इच्छुक बनेकी किशोरी राधिकाले बालिकाहरुको हक अधिकार र बालिका बचाउका विषयमा सम्वन्धित निकायका जनप्रतिनिधि, प्रत्यक्ष सरोकार राख्ने सरकारी तथा गैह्रसरकारी निकायका प्रतिनिधिसँग प्रत्यक्ष रुपमा यसैगरी आफूले भविष्यमा पनि कार्यक्रम सञ्चालन गर्न चाहेको धारणा राख्नुभयो ।




■■■

## भविष्यमा पनि रेडियोमा काम गर्ने चाहाना

रेडियो झिलमिला,कञ्चनपुर
किशोरी : राधिका बोहरा



## रेडियो सुन्ने बानी बसाउनुपर्छ

रेडियो सन्सारी, बैतडी
किशोरी : नीशा भट्ट




## समाज रुपान्तरण आफैबाट शुरू हुन्छ

रेडियो बाजुरा, बाजुरा
किशोरी : रोशनी, रावल



## अब नेतृत्व गर्ने पालो किशोरीको

रेडियो जाजरकोट, जाजरकोट
किशोरी : सम्झना विश्वकर्मा




## अधिकार प्राप्त गर्न सहयोग पुग्ने

रेडियो साझा आवाज, दाङ
किशोरी : पुजा यादव




## असम्भव भन्ने कुरा संसारमा केही रहेनछ

रेडियो महिला आवाज, प्युठान
किशोरी :स्मृति घर्ती मगर



## यस्तै कार्यक्रम हुने हो भने किशोरीमा आत्मविश्वास बढ्छ

रेडियो कृष्णसार, नेपालगन्ज
किशोरी : शारदा विक



## समाज परिवर्तनका लागि  बालिकाको विषयमा नियमित कार्यक्रम आवश्यक छ

रेडियो लाङटाङ, रसुवा
किशोरी : सोनिया स्याङबा




## ठूलो हिम्मतले कार्यक्रम सम्भव भयो

विजय एफएम, नवलपरासी
किशोरी : स्नेहा विश्वकर्मा



## टेकओभरपछि बधाई र शुभकामनाको ओइरो

रेडियो बाग्लुङ, बाग्लुङ
किशोरी : सुरक्षा खड्का




## रेडियोप्रतिको लगाव झन् बढायो

रेडियो गोरखा, गोरखा
किशोरी : सस्मिता पन्त




## बालश्रमलाई न्यूनिकरणको लागि पहल गर्ने प्रतिवद्धता

रेडियो कृपालु, प्युठान
किशोरी : टिटु मगर



# अकोराब

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल देशभरीका सामुदायिक रेडियोहरुको छाता संगठन मात्रै होइन दक्षिण एसियामै सामुदायिक रेडियोहरूको सबैभन्दा ठूलो संगठन पनि  हो । राष्ट्रिय निर्देशन ऐन् २०१८ अन्तर्गत १४ फागुन २०६९ मा सरकारको मन्त्रीस्तरीय निर्णयबाट अकोराबलाई व्यावसायिक संगठनको हैसियत प्रदान गरिएको छ । मुलुकको ९५ प्रतिशत जनसंख्यामा सामुदायिक रेडियोको पहुँच छ । सामुदायिक रेडियोले मुलुकका ७० भन्दा बढी स्थानीय भाषामा कार्यक्रम र समाचार प्रसारण गर्दै आएका छन् ।




सहकार्यका लागि हात बढाउने सम्पर्क हो :

**सामुदायिक सुचना नेटवर्क (सीआईएन)**


पोस्ट बक्स नम्बर १९३२४, चाकुपाट ललितपुर
फोन: ५२६०६६१/५२६०६७, फ्याक्स: ५२६०६४६
Email: cinacorab@gmail.com;cin@acorab.org.np
Website: www.cin.org.np/www.acorab.org.np


सुचना र अभिव्यक्तिका माध्यमबाट शान्ति र विकासका  लागि नेपाली सामुदायिक रेडियो



## प्लान इन्टरनेशनल नेपाल

प्लान इन्टरनेशनल बालबालिकाको अधिकार र किशोरीको समानता प्रवर्द्धनका लागि क्रियाशील विकास र मानवीय सहायतासम्बन्धी एक स्वतन्त्र संस्था हो। प्लान इन्टरनेशनलले  नेपालमा पिछडिएका बालबालिका, उनीहरूको परिवार र समुदायलाई जीवनयापन, विकास, संरक्षण र सहभागितामा उनीहरूको पहुँच दिलाउन २०३४ सालदेखि सहयोग गर्दै आएको छ।
प्लान इन्टरनेशनल नेपालले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गरी १० लाख किशोरीहरुको जीवनमा परिवर्तन ल्याउने लक्ष्यसहित आगामी ५ बर्षका लागि नयाँ रणनीतिका साथ काम गर्दै छ।